# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २२१ | काठमाडौं | बिहीबार, २५ मंसिर २०८२ | Prabhab National Daily | Thursday, 11 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# राष्ट्रिय सभा निर्वाचनमा गठबन्धन गर्ने कांग्रेस-एमालेको तयारी

- मंसिर १९ गते देउवा निवास पुगेर ओलीले राष्ट्रिय सभामा तालमेल गरेर जानुपर्ने प्रस्ताव राखेको एमाले पदाधिकारीहरु बताउँछन्
- ५९ सदस्य रहेको राष्ट्रिय सभामा अहिले एमालेका १० सदस्य छन् । तीमध्ये पनि ८ जना फागुन २० गते बिदा हुँदैछन् । कुनै एक दलसँग तलमेल हुन नसके एमाले राष्ट्रिय सभामा कमजोर हुने निश्चित छ
- मधेश सरकार बनाउन सघाएको नेकपाले पनि यो निर्वाचनमा तालमेल गर्न कांग्रेससँग प्रस्ताव अघि बढाएको छ




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय सभा निर्वाचनमा कांग्रेससँग गठबन्धन गर्ने प्रस्ताव एमालेले अघि बढाएको छ । माघ १ गते हुन लागेको निर्वाचनका लागि एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस सभापति शेरबहादुर देउवासँग प्रस्ताव अघि बढाएका हुन् ।

मंसिर १९ गते देउवा निवास पुगेर ओलीले राष्ट्रिय सभामा तालमेल मिलाएर जानुपर्ने प्रस्ताव राखेको एमाले पदाधिकारीहरू बताउँछन् । यो निर्वाचनमा तालमेल नगरे एमाले कमजोर हुने भएकोले यस्तो प्रस्ताव अघि बढाएको एमालेका एक पदाधिकारीले बताए ।

५९ सदस्य रहेको राष्ट्रिय सभामा अहिले एमालेका १० सदस्य छन् । तीमध्ये पनि ८ जना फागुन २० गते बिदा हुँदैछन् । कुनै एक दलसँग तलमेल हुन नसके एमाले राष्ट्रिय सभामा कमजोर हुने निश्चित छ । 'त्यसैले कांग्रेससँग सहमति गरेरै अघि बढ्ने निर्णयमा हामी अघि बढेका छौं । कांग्रेसको जवाफ आएको छैन,' एमालेका ती पदाधिकारीले भने ।

राष्ट्रिय सभामा अहिले सबैभन्दा ठूलो दल नेकपा माओवादी केन्द्र हो । १७ सदस्यसहित पहिलो रहेको माओवादी केन्द्र एकता प्रक्रियामा गएपछि नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बनेको छ । नेकपामा एकीकृत समाजवादी र वामदेव गौतम पनि जोडिएका छन् ।

यसरी जोड्दा नेकपासँग ५९ सदस्यीय राष्ट्रिय सभामा २६ जना सदस्य छन् । यता नेपाली कांग्रेससँग १६ जनामात्र सदस्य छन् । बाँकी रहेका सदस्यहरूमा जनता समाजवादी पार्टीका तीन, लोकतान्त्रिक समाजवादी पार्टीका एक र राष्ट्रिय जनमोर्चाका एक सांसद हुन् ।

मनानीत तीनमध्ये गौतम, एमालेका डा. अञ्जान गौतम र राष्ट्रिय सभा अध्यक्षसमेत रहेका नारायण दाहाल छन् । फागुन २० गते १९ जना सदस्यहरूको पदावधि सकिँदै छ । रिक्त सदस्यहरूको पदपूर्तिका लागि माघ १ गते निर्वाचन हुँदै छ ।

आगामी फागुन २० मा बिदा हुने राष्ट्रिय सभा सदस्यहरूमा एमालेका आठ जना र माओवादी केन्द्रका सात जना छन् । नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र जनता समाजवादी पार्टी नेपालका एक/एक जना बिदा हुँदै छन् । मनोनीत सांसद वामदेव गौतम पनि बिदा हुँदै छन् ।

कोशी प्रदेशबाट तीन जना, मधेस प्रदेशबाट चार जना, बागमती र गण्डकी प्रदेशबाट दुई/दुई जना, लुम्बिनी प्रदेशबाट तीन जना, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट दुई/दुई जना राष्ट्रिय सभा सदस्य चयनका लागि निर्वाचन हुने छ ।

कोशीबाट निर्वाचित नेकपा एमालेकी इन्दिरादेवी गौतम, एमालेकै लुम्बिनीबाट निर्वाचित गोपाल भट्टराई, मधेस प्रदेशबाट...

क्रमशः पृष्ठ २ मा

# सरकार र जेन-जीबीच १० बुँदे समझदारी

## जेन-जी विद्रोहलाई जनआन्दोलनको मान्यता

- शहीद र घाइतेलाई परिपूरण
- जाँचबुझ आयोगको कार्यादेश थपियो
- जेन-जी परिषद् गठन हुने
- स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितता
- 'संविधान संशोधन सुझाव आयोग' गठन गरिने



■ **जेबी योञ्जन**

**काठमाडौं–** शासकीय अव्यवस्थाविरुद्ध गत भदौ २३ र २४ गते भएको जेन-जी विद्रोह र जेन-जीहरूले उठाएका मागलाई सरकारले सम्बोधन गर्ने सहमति भएको छ । विद्रोहको तीन महिनापछि बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सरकार र जेन-जीका केही समूहबीच यस सम्बन्धी १० बुँदे समझदारी भएको हो ।

समझदारीसँगै सरकारले विद्रोहलाई जनआन्दोलनको रूपमा स्वीकारेको छ । यसबीचमा विद्रोहलाई आपराधीकरण गर्ने प्रयास भएको भन्दै सरकारसँग जेन-जीहरू आक्रोशित थिए । विद्रोहलाई राजनीतिकभन्दा पनि आपराधिक गतिविधिको रूपमा लिएर विद्रोहमा संलग्नहरूलाई पक्राउ गर्दै फौजदारी कसुरमा मुद्दा दर्ता गरे अर्को विद्रोह गर्ने चेतावनी जेन-जीहरूको थियो । यस्तोमा बुधबार दुईपक्षीय समझदारी भएको हो ।

समझदारीको मस्यौदामा नेपाली जनताले जारी गरेको नेपालको संविधानको सान्दर्भिकता र वैधतालाई आत्मसात गर्दै अघि बढ्ने कुरा प्रस्तावनामा राखिएको छ । सुशासन, समावेशिता र जनसहभागिताका मान्यतामा आधारित संघीयता, स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको सुदृढीकरणबाट शिक्षा, स्वास्थ्य, रोजगार, आवास, भूमि, भाषा, संस्कृति, लैंगिक तथा सामूहिक अधिकारहरूको कार्यान्वयन तथा उद्यमशीलता, नवप्रवर्तन र अन्वेषण राज्यका भावी नीति र कार्यक्रमका मुख्य प्राथमिकता बन्नुपर्ने आवश्यकतामा जोड दिने उल्लेख छ ।

सरकारलाई जेन-जी पक्षले सुरुमा आफ्नो तर्फबाट तयार पारेको मस्यौदा बुझाएपछि दुई पक्षबीच पटक-पटक छलफल भई समझदारीको मस्यौदा बनेको हो । मस्यौदाकारको रूपमा सरकारका तर्फबाट सूर्य ढुंगेल र जेन-जीहरूको तर्फबाट राजु चापागाई थिए । समझदारी घोषणामा भने प्रधानमन्त्री सुशीला कार्की स्वयं सहभागी थिइन् । उनै प्रधानमन्त्री कार्की र जेन-जीका तर्फबाट शहीद परिवारका सदस्य भोजविक्रम थापाले हस्ताक्षर गरेका छन् ।

### आयोगदेखि कार्यदल बनाउने सहमति

समझदारीको पहिलो बुँदामा जेन-जी विद्रोहका क्रममा भएका दमनबाट शहादत प्राप्त गरेका व्यक्ति परिवारको माग सम्बोधन गरिने उल्लेख गरिएको छ । 'भदौ २३ र २४ गते जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनको क्रममा तत्कालीन सरकारबाट भएको दमन र व्यापक हिंसाका घटनामा सहादत प्राप्त गर्नुभएका व्यक्तिलाई शहीद घोषणा गर्ने लगायत शहीद परिवारको माग र भावनाको यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था गरिनेछ,' सहमतिमा भनिएको छ ।

यसैगरी शहीद परिवार तथा घाइतेको तत्कालीन र दीर्घकालीन आवश्यकताको यथोचित सम्बोधन गर्न सम्बन्धित शहीद परिवार र घाइतेसँगको परामर्श तथा समन्वयमा तत्काल एक उच्चस्तरीय कार्यदल गठन गर्ने सहमति भएको छ । उक्त कार्यदलले अन्तरिम राहत, क्षतिपूर्ति, निःशुल्क स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श, निःशुल्क शिक्षा, रोजगारी, सामाजिक सुरक्षा एवं अर्थपूर्ण स्मृतीकरण मेमोरियलाइजेसन) समेतको परिपूरणीय व्यवस्था सुनिश्चित गरिने सहमतिमा उल्लेख छ ।

जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेको सामूहिक माग अनुरूप मुलुकमा सदाचार तथा सुशासन प्रवर्द्धन, भ्रष्ट्राचार निवारण तथा दण्डहीनता अन्त्य गर्न छुट्टै स्थायी प्रकृतिको आयोग गठन गरिने सम्झौतामा उल्लेख छ । आन्दोलनमा सहभागी भएकै कारण पक्राउ गरिएको भए ती व्यक्तिलाई तत्काल थुनामुक्त गर्न सहमतिसमेत जेन-जी र सरकारबीच सम्झौता भएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# अनलाइन स्क्यामिङमा लगाइएका ४७ नेपाली म्यानमारबाट फिर्ता

- दूतावासका अनुसार उद्धार गरिएकाहरु २६ जिल्लाका ४५ पुरुष र दुई जना महिला छन् । जसमा सबैभन्दा बढी झापाका पाँच जना छन्
- प्रलोभनमा पारिएकालाई स्क्यामिङ केन्द्रहरुमा पुऱ्याइएपछि केही महिना सजिला कामहरुमा लगाउने र त्यसपछि कामको निश्चित् लक्ष्य दिइने गरेको भेटिएको छ । उक्त लक्ष्य पुरा गर्न नसके शारीरिक शोषण गर्ने, बन्धक बनाइ फिरौति माग्ने, जेल पठाउनेदेखि हत्यासम्म गर्ने गरेको बताइएको छ

■ **ममता थापा**

**काठमाडौं–** रोजगारीको प्रलोभनमा विभिन्न माध्यमबाट म्यानमार पुगेका ४७ जना नेपालीलाई बुधवार स्वदेश फर्काइएको छ । आकर्षक रोजगारीको प्रलोभनमा त्यहाँ पुऱ्याएर अवैधानिक रूपमा सञ्चालित अनलाइन स्क्याम केन्द्रहरूमा लगाइएका उनीहरूलाई थाइल्यान्डस्थित नेपाली दूतावासले विभिन्न निकायसँगको समन्वयमा उद्धार गरी नेपाल फिर्ता पठाएको दूतावासले जनाएको छ ।

उनीहरूलाई अनलाइन डेटिङ, अनलाइन क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिप्टो ठगी लगायतका काममा लगाइएको पाइएको छ । दूतावासका अनुसार उद्धार गरिएकाहरू २६ जिल्लाका ४५ पुरुष र दुई जना महिला छन् । जसमा सबैभन्दा बढी झापाका पाँच जना छन् । धादिङ, गोरखा, रूपन्देही, सिन्धुपाल्चोक र उदयपुर जिल्लाका तीन-तीन जना छन् । दाङ, महोत्तरी, मोरङ, नवलपरासी, नुवाकोट, स्याङ्जा र तनहुँका दुई-दुई जना छन् । त्यस्तै, चितवन, कास्की, काभ्रे, पाल्पा, दैलेख, काठमाडौं, रामेछाप, रौतहट, सल्यान, सर्लाही, सिन्धुली, ताप्लेजुङ र तेह्रथुमका एक-एक जना रहेको जनाइएको छ ।

यसरी पक्राउ पर्नेमा १७ वर्षदेखि ४१ वर्षसम्मका रहेका छन् । सबैभन्दा बढी २०देखि २५ वर्ष उमेर समूहका २६ जना पक्राउ परेका छन् । पक्राउ पर्ने अधिकांश १२ कक्षासम्म उत्तीर्ण गरेका र सूचना प्रविधिको बारेमा जानकारी भएकाहरू छन् । उनीहरू स्क्यामिङ केन्द्रहरूमा दुई महिनादेखि १८ महिनासम्म काम गरिरहेको पाइएको छ ।

उनीहरूको भनाइअनुसार विभिन्न व्यक्ति, साथीभाइ तथा अनलाइन साथी, पब्जीलगायत अनलाइन गेम खेल्ने साथी, सामाजिक सञ्जालको विज्ञापन आदिको माध्यमबाट त्यहाँ पुगेको देखिएको छ । त्यस्तै केही व्यक्ति भारतमा र संयुक्त अरब इमिरेट्स (यूएई)मा अध्ययन तथा काममा क्रममा भेटेका साथीहरूमार्फत त्यहाँ पुगेकोसमेत पाइएको छ । उनीहरूलाई भाइबर, ह्वाटस्एप, टिकटक, टेलिग्राम, मेजेन्जर आदिमा मेसेज आउने र आकर्षित मुलुकमा विभिन्न कार्यालय, कल सेन्टर, कम्प्युटर अपरेटर, रिसेप्सनिस्ट लगायतका काममा एक लाखभन्दा बढी कमाइन्छ भनेर प्रलोभनमा पार्ने गरेको पाइएको छ ।

प्रलोभनमा पारिएकालाई स्क्यामिङ केन्द्रहरूमा पुऱ्याइएपछि केही महिना सजिला कामहरूमा लगाउने र त्यसपछि कामको निश्चित् लक्ष्य दिइने गरेको भेटिएको छ । उक्त लक्ष्य पुरा गर्न नसके अपराधको दोष लगाएर आर्थिक तथा शारीरिक शोषण गर्ने, बन्धक बनाइ फिरौति माग्ने, जेल पठाउनेदेखि हत्यासम्म गर्ने गरेको बताइएको छ । उक्त कामबाट निस्कने खोज्ने व्यक्तिले त्यही काममा अर्को व्यक्ति नल्याएसम्म छोड्न नदिने गरेको पीडितहरूले बताएका छन् ।

कम्बोडिया-थाइल्यान्ड, म्यान्मार-थाइल्यान्ड सीमा तथा लाओसमा स्क्यामिड केन्द्रहरूमा नेपालीलगायत विभिन्न मुलुकका व्यक्तिहरू अलपत्र पर्न थालेपछि उक्त क्षेत्रमा रोजगारीको प्रलोभनमा परी नजान अनुरोध गर्दै राजदूतावासले २०८० साउन २३ गतेदेखि यात्रा सचेतना जारी गर्न शुरु गरको थियो । अलपत्र परेका नेपालीलाई थाइल्यान्ड सरकारसँगको समन्वयमा मानव तस्कर पीडितको रूपमा उद्धार गर्दै आएको छ । यसरी उद्धार हुनेमा आर्थिक वर्ष २०८०/८१ मा ६८ जना, आर्थिक वर्ष २०८१/८२ मा १५६ जना र चालु आर्थिक वर्षमा हालसम्म सम्म १४१ जना उद्धार गरी नेपाल पठाइएको छ ।

म्यान्मारको म्यावाडीमा रहेका विदेशी नागरिकको स्वदेश फिर्तीलाई सहज बनाउनको लागि थाइल्यान्ड सरकारले कार्यसञ्चालन निर्देशिका बनाएको छ ।

क्रमशः पृष्ठ २ मा

**दरबारमार्गको जग्गा लिज विवाद**

# संगठित अपराधतर्फ मोडियो मुद्दा

- सीआईबीले संगठित अपराधमा अनुसन्धान थाल्यो
- पूर्वसचिव अर्जुन कार्की र सहसचिव लेखबहादुर कार्की हिरासतमा
- लिज प्रक्रिया नै शंकास्पद




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पूर्वराजपरिवारको दरबारमार्गस्थित जग्गा थामशेर्कु ट्रेकिङलाई लिजमा दिने प्रक्रिया नै शंका उत्पन्न हुने गरी अघि बढाइएको प्रकरणमा प्रहरीले संगठित अपराधको कसुरमा अनुसन्धान गर्न थालेको छ । यसअघि ठगीसम्बन्धी कसुरमा मात्रै अनुसन्धान भइरहेको थियो ।

यो प्रकरणको अनुसन्धान गर्ने निकाय नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) हो । थामशेर्कुलाई जग्गा लिजमा दिने निकाय भने नेपाल ट्रस्टको कार्यालय हो । यही प्रकरणमा पूर्वसचिव अर्जुन कार्की र तत्कालीन सहसचिव लेखबहादुर कार्कीलाई प्रहरीले हिरासतमा लिइसकेको छ । नेपाल ट्रस्टमा सचिव रहँदा अर्जुन कार्कीको नेतृत्वमा थामशेर्कुसँग गरिएको सम्झौतामा गम्भीर त्रुटि भएको र नियमविपरीत तरिकाले दरबारमार्गको जग्गा लिजमा दिइएको आरोप छ । सूचनाअनुसार कित्ता नम्बर ४६०६ भाडामा दिनुपर्नेमा अतिरिक्त ४६०५ नम्बरको जग्गासमेत दिएको अनुसन्धानको क्रममा खुलेको सीआईबीले जनाएको छ ।

सीआईबीका अनुसार थामशेर्कुका सञ्चालक लाक्पा सोनाम शेर्पासँग मिलीभगत गरेर योजनाबद्ध रूपमा राज्यलाई आर्थिक क्षति पुऱ्याएको प्रारम्भिक प्रमाण भेटिएको छ । यसैले मुद्दालाई संगठित अपराधतर्फ मोडिएको बताइएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## सरकार...

'कसैले आन्दोलनमा सहभागी भएकै कारण अनुसन्धान वा अभियोजनको दायरामा पारिएको छ भनी आन्दोलनकारी स्वयं वा निजको तर्फबाट अन्य कसैले अनलाइन, लिखित वा हटलाइनमार्फत उजुरी दिएमा सो सम्बन्धमा सम्बन्धित निकायबाट विवरण झिकाई सो विवरणको आधारमा यो सम्झौता भएको मितिले १५ दिनभित्र आयोगले स्क्रिनिङ तथा छानबिन गर्ने,' सम्झौतामा भनिएको छ, 'स्क्रिनिङ तथा छानबिनबाट सम्बन्धित व्यक्ति ज्यान मार्ने कसुर वा सुनियोजित र संगठित रूपमा कुनै आपराधिक गिरोहद्वारा भएका हुनसक्ने गम्भीर अपराधमा संलग्न रहेको नदेखिएमा पछि जाँचबुझ आयोगको प्रतिवेदन बमोजिम हुनेगरी सो व्यक्तिलाई तत्काल हिरासत र थुनामुक्त गर्न र निजविरुद्ध दायर भएका मुद्दा फिर्ता लिन नेपाल सरकारलाई सिफारिस गर्ने ।'

जेन-जी विद्रोहमा सम्बन्धित राजनीतिक विरोधको गतिविधिमा सहभागी भएकै कारण कसैउपर फौजदारी अनुसन्धान वा अभियोजन नगरिने सहमतिमा उल्लेख छ । यसैगरी राजनीतिक, नीतिगत तथा संस्थागत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबण्डाका आधारमा गरिने नियुक्तिको अन्त्य लगायतका निष्पक्ष छानबिन गरी सिफारिस गर्न उच्चस्तरीय आयोग गठन गर्ने सहमति भएको छ ।

यसमा सम्पूर्ण सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित व्यक्तिको जीवनशैली, आयस्रोत र अकुत सम्पत्ति आर्जनका सम्बन्धमा दोषीलाई कानुन बमोजिमको कारबाही गर्ने प्रकृया अघि बढाउने, सार्वजनिक संस्थाहरूको दलीयकरण र भागबण्डाका आधारमा गरिने नियुक्तिको अभ्यास अन्त्य गर्न सम्बन्धित नीति र कानुनमा गर्नुपर्ने सुधार तथा मौजुदा कानुनको प्रभावकारी कार्यान्वयनको विषय, विभिन्न सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राजनीतिक दलले आफ्ना नेताहरूको नाउँमा सार्वजनिक जग्गा, सम्पत्ति र बजेटको प्रयोग गरी देशभर सञ्चालन गरेका प्रतिष्ठान, कोष, ट्रष्ट, परिषद, केन्द्रजस्ता निकायको कार्य तथा आर्थिक गतिविधि छानबिन गरी सम्बन्धित संस्थाले सार्वजनिक हित र उद्देश्य विपरीत वा गैरकानूनी गतिविधि गरेको पाइएमा यस्ता निकायलाई खारेज गरी सम्पत्ति राष्ट्रियकरण गर्ने विषय, नेपालको सार्वजनिक निकायमा हुने अनियमितता तथा भ्रष्टाचार निवारण, प्रशासकीय प्रणालीको पुनःसंरचना, सार्वजनिक सेवा प्रवाहको सरलीकरण, सहज पहुँच, गुनासो सुनुवाईको व्यवस्था र विद्युतीय सुशासन प्रवर्द्धन लगायतका विषय समेटिएका छन् ।

### निर्वाचनबारे यस्तो सहमति

सरकार र जेन-जीबीच प्रतिनिधिसभा तथा हरेक तहका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण, सबैका लागि पहुँचयुक्त र भयरहित बनाउन प्राथमिकताका साथ आवश्यक कानुनी, प्राविधिक तथा संस्थागत पूर्वाधार विकास गरी कार्यान्वयन गरिने समझदारी भएको छ । समझदारीमा विदेशस्थित नेपाली नागरिक तथा बेजिल्ला बसोबास गर्ने मतदातालाई उनीहरू बसेको स्थानबाटै मतदान गर्न सक्ने व्यवस्था गरिने, प्रवासी नेपाली नागरिकहरू तथा प्रवासी नेपाली विद्यार्थीहरूको मताधिकार सुनिश्चित गर्ने नीतिगत, कानूनी तथा संस्थागत पूर्वाधार विकास गरिने उल्लेख गरिएको छ ।

यसैगरी मतपत्रमा 'माथिका कसैलाई मतदान गर्दिन 'नोटा' को विकल्पक राखिने समझदारीमा उल्लेख छ । त्यसैगरी राजनीतिक दलभित्र अनिवार्य रूपमा प्राथमिक प्रतिस्पर्धा (प्राइमरी इलेक्सन) गरी छनोट भएको व्यक्तिमात्र निर्वाचनको लागि उम्मेदवार हुन पाउने कानूनी व्यवस्था गरिने, निर्वाचन आयोगद्वारा तयार गरिने मतपत्रमा दल र उम्मेदवारको क्रमांक गोला प्रथाबाट निर्धारण गरिनेछ, राजनीतिक दलमा अध्यक्ष वा सभापति अधिकतम दुई कार्यकालका लागि मात्रै हुन सक्ने प्रबन्ध गरिने समझदारीमा उल्लेख छ ।

निर्वाचन प्रयोजनका लागि मात्रै हुने अस्वस्थ गठबन्धन नियन्त्रणको लागि कानुनी प्रबन्ध गरिने, आगामी निर्वाचनमा 'पहिलो हुने निर्वाचित हुने' निर्वाचन प्रणालीमा समेत उम्मेदवार चयन गर्दा समानुपातिक समावेशी सिद्धान्तको पालना गर्न संवैधानिक तथा कानुनी प्रबन्ध गरिने विषय पनि समझदारीमा अटेका छन् ।

संविधान संशोधनका लागि स्वतन्त्र विज्ञ, जेन-जी र युवासहित सरोकारवालाहरूको सहभागिता रहने गरी एक उच्चस्तरीय 'संविधान संशोधन सुझाव आयोग' गठन गरिने समझदारीमा उल्लेख छ ।

यसैगरी राज्यको राष्ट्रप्रमुख, तीनै तहको सरकारका कार्यकारी प्रमुख र मन्त्रीपरिषद्का सदस्यको पदावधि दुई पूर्ण कार्यकालसम्म सीमित गर्ने, प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको जनप्रतिनिधिका लागि उम्मेदवार हुन न्यूनतम उमेर २१ वर्ष राख्ने, न्यायपालिका, संवैधानिक परिषद्, संवैधानिक आयोग र न्यायपरिषदलाई राजनीतिक तथा दलीय हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त राख्न र स्वायत्त तथा स्वतन्त्र ढंगले कार्यसम्पादन गर्न सक्षम बनाउन र राज्यका संरचनामा युवाहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न उक्त आयोगहरूको संरचना तथा पदाधिकारी नियुक्तिको प्रक्रियामा सुधार गर्ने व्यवस्था पनि समझदारीमा उल्लेख गरिएको छ । यसैगरी सरकार र जेन-जीबीच जेन-जी परिषद्को गठन गर्ने सहमतिसमेत भएको छ ।

■■■

## राष्ट्रिय सभा...

तुलसाकुमारी दाहाल, कोशी प्रदेशबाट देवेन्द्र दाहाल, गण्डकी प्रदेशबाट भागवती न्यौपाने, लुम्बिनीबाट जितेकी विमला घिमिरे र सुदूरपश्चिमबाट शारदादेवी भट्ट र कर्णालीबाट जितेकी सुमित्रा बिसीको कार्यकाल सकिँदै छ ।

घिमिरे अहिले राष्ट्रिय सभाकी उपाध्यक्ष हुन् । माओवादी केन्द्रबाट कोशीबाट जितेका गोपीबहादुर सार्की अछामी, बागमतीबाट गंगाकुमारी बेलवासे, लुम्बिनीबाट जगप्रसाद शर्मा, सुदूरपश्चिमबाट तारामान स्वार, गण्डकीबाट जितेका नारायणकाजी श्रेष्ठ, कर्णालीबाट जितेका मायाप्रसाद शर्मा, मधेस प्रदेशबाट जितेका राधेश्याम पासवानको कार्यकाल सकिँदै छ ।

त्यस्तै एकीकृत समाजवादीबाट बागमतीबाट जितेका डा. बेदुराम भुसालको पनि कार्यकाल सकिँदै छ । लोकतान्त्रिक समाजवादी पार्टीबाट मधेस प्रदेशबाट शेखरकुमार सिंहको पनि पदावधि सकिँदै छ । जनता समाजवादी पार्टी (जसपा) को तर्फबाट मधेस प्रदेशमा अन्य समूहबाट जितेका मृगेन्द्रसिंह यादवको पनि कार्यकाल सकिँदै छ । कांग्रेसबाट भने कोही पनि बिदा हुने छैनन् ।

एकतापछि २६ सदस्य रहेको नेकपाबाट बामदेवसहित आठ जना बिदा हुँदा १८ जना सदस्य हुने छन् । यता कांग्रेसको भने १६ जना नै रहने छन् । यस्तो अवस्थामा कांग्रेसले यसपटक जसरी पनि ठूलो दल बन्ने कोसिसमा देखिन्छ ।

कोशीबाहेक अरु प्रदेशमा मतभार धेरै भए पनि कांग्रेसले अरु दलसँग तालमेल गर्नुपर्ने देखिन्छ । यसबारे भने कांग्रेसले अहिलेसम्म कुनै निर्णय नगरेको कांग्रेस केन्द्रीय कार्यालय सानेपाका मुख्यसचिवसमेत रहेका कृष्ण पौडेलले बताए । १८ मध्ये १० सिट कांग्रेसलाई दिएमा दुई दलबीच गठबन्धन हुने बताइएको छ । यद्यपि मधेशमा सरकार बनाउन माओवादीले कांग्रेसलाई सघाएसँगै एमाले कांग्रेससँग सशंकित देखिन्छ । मधेशवादी दलले सत्ता चलाउँदै आएको मधेशमा कांग्रेसले पहिलोपटक सत्ताको नेतृत्व गर्ने मौका पाएको हो । माओवादीको सहयोगमा मधेश प्रदेशका कांग्रेस संसदीय दलका नेता कृष्ण यादव मुख्यमन्त्री बनेका छन् । योसँगै माओवादीले पनि राष्ट्रिय सभा र प्रतिनिधि सभाको निर्वाचनमा तालमेल गर्न कांग्रेससँग प्रस्ताव अघि बढाएको छ । यसबारे कांग्रेसले कुनै निर्णय दिइनसकेको कांग्रेस नेताहरू बताउँछन् ।

### निर्वाचनको कार्यतालिका यस्तो

निर्वाचन आयोगले राष्ट्रिय सभा निर्वाचनका लागि यसअघि नै कार्यतालिका सार्वजनिक गरेको छ । निर्वाचनका लागि पुस २३ गते उम्मेदवारी दर्ता गर्न सकिने आयोगले जनाएको छ । माघ १ गते राष्ट्रिय सभा सदस्यको निर्वाचन हुने छ ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार पुस १९ गते बिहान १०:०० बजेदेखि ११:०० बजेसम्म मतदाता नामावली प्रकाशन हुने छ भने मतदाता नामावली उपरको दाबीविरोध तथा निवेदन/उजुरी माथि छानबिन गरी पुस २२ गते ३:०० बजेदेखि ४:०० बजेसम्म अन्तिम मतदाता नामावली प्रकाशन हुने छ ।

त्यस्तै पुस २३ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, पुस २४ गते बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २७ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र दिउँसो १:०० बजेदेखि २:०० बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने छ ।

पुस २८ गते बिहान १० :०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट प्रदान गरिने आयोगले जानकारी दिएको छ । माघ ११ गते बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने छ ।

■■■

## संगठित...

थामशेर्कुका अध्यक्ष शेर्पाविरुद्ध पक्राउ अनुमति लिए पनि अदालतको अन्तरिम आदेशका कारण उनी पक्राउ परेका छैनन् । स्रोतका अनुसार उनी सम्पर्कविहीन भएका छन् । यहीबीच मंसिर २८ मा पाटन उच्च अदालतले दुवै पक्षलाई छलफलमा बोलाएको छ ।

सम्झौताअनुसार जग्गा ३० वर्षका लागि लिजमा दिइने र तीन वर्षभित्र भवन निर्माण सम्पन्न गर्ने व्यवस्था थियो । तर, तीनतले भवन निर्माण गर्ने उल्लेख भए पनि हाल पाँचतले संरचना बनेको तथ्यसमेत भेटिएको छ ।

सुरुमा थामशेर्कुले ६ अर्ब रूपैयाँ तिर्ने प्रतिबद्धता जनाएको भए पनि पछि रकम तिर्न नसक्ने भन्दै गरेको निवेदनका आधारमा करार रकम घटेर १ अर्ब ४० करोडमा पुगेको अनुसन्धानले देखाएको छ ।

यसैबीच, पूर्वसचिव कार्कीले प्रहरीद्वारा गैरकानुनी रूपमा थुनामा राखिएको दाबी गर्दै दायर गरेको बन्दी प्रत्यक्षीकरण रिट सर्वोच्चले खारेज गरिदिएको छ । त्यससँगै फौजदारी अनुसन्धान अघि बढाउन बाटो खुलेको अदालतको आदेशले स्पष्ट भएको छ ।

अनुसन्धानमा सार्वजनिक खरिद नियमविपरीत सहसचिव कार्कीलाई अख्तियारी दिइएको, कानुन शाखाले दिएको नकारात्मक राय बेवास्ता गरिएको, र भवन निर्माणका क्रममा ३ आना ११ पैसा सरकारी जग्गासमेत अतिक्रमण गरिएको दाबी गरिएको छ ।

■■■

## अनलाइन...

राजदूतावासले उनीहरूसँग राहदानी भए नभएको यकिन गरी राहदानी नभएको हकमा एकतर्फी यात्रा अनुमतिपत्र जारी गर्ने गर्छन् । यस सन्दर्भमा विदेश जाने नाममा हतार नगर्न, राम्रोसँग बुझ्न तथा सामाजिक सञ्जाल, साथीभाई आदिले प्रस्ताव गरेका वैदेशिक रोजगारीको आधिकारिकताको बुझेर सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जान आग्रह गरेको छ । कसैको प्रलोभनमा धेरै पैसा कमाउने लोभले कम्बोडिया, लाओस, म्यानमार, थाइल्यान्डलगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागिसमेत दूतावासले आग्रह गरेको छ ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०८।१७ गते का.जि.का.म.न.पा वडा नं. १६, बालाजु पुलभित्र म्हैपी स्कुल नजिकै बाटोमा पार्किङ गरिराखेको रातो, कालो रङ्को बजाज कम्पनीको २२० सि.सि. मोटरसाइकल बेलुकाको अन्दाजी ६:४० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : सुजन ढुंगाना**
**बाइक नं.: बागमती प्रदेश ०३-०५८ प १८५६**
**च्यासिस नं.: MD2A13EX3SCA82488**
**इन्जिन नं. : DKXCSA17836**
**ठेगाना : टोखा न.पा.-५, काठमाडौं**
**सम्पर्क नं. ९८१०७९७९२०**

### बिमालेख हरायो

मिति २०८२/०५/०९ गते कोटेश्वरबाट चावहिल जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सुमित भण्डारी**
**ठेगाना : सिन्धुली -७, सिन्धुली**
**बिमालेख नं.: २५३१००३७८**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८४४०८१००८**

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०८।११ गते का.जि.ता.न.पा वडा नं. ४, नागिखोला नजिकै बाटोमा पार्किङ गरिराखेको निलो, सेतो रङ्को बजाज कम्पनीको १५० सि.सि. मोटरसाइकल बेलुकाको अन्दाजी ६:४० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : पूर्ण बहादुर जि.एम (घर्ति मगर)**
**बाइक नं.: भे १२ प १४६४**
**च्यासिस नं.: MD2A11CXIMPE95951**
**इन्जिन नं. : DHXRME64309**
**ठेगाना : तारकेश्वर न.पा.-४, काठमाडौं**
**सम्पर्क नं. ९८२२५७००७६**

### मोटरसाइकल हराएको सूचना

मिति २०८२/०८/०८ गते अं. २१:०० बजेको समयमा का.जि.गो.नं.पा ०८ माकलबारी साथीको घर अगाडी सडक किनारामा पार्किङ्ग गरेर राखेको ऐ मितिको २२:१५ बजेको समयमा हेर्दा बा.प्र. ०२.०५१प ७८३६को ग्रे रङ्को ११० सिसिको स्कुटर हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी: गोबिन्द महर्जन
ईन्जिन नं.:**JF98E6002883**
च्यासिस नं.:**ME4JK384BRN000324**
सम्पर्क नं.:**9763385364**

### मूल्य सूचीको सूचना !

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०८/२५ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.११५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१२०/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा

### भू. पू. बृटिश गोर्खा शेर्पा सैनिक संघको खारेजी (लिक्वीडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

यस भू. पू. वृटिश गोर्खा शेर्पा सैनिक संघ (जि.प्र.का. ५५६/०५६/०५७) का.म.न.पा.-६, काठमाडौंलाई मिति २०८२/०७/२७ को विशेष साधारणसभाले संस्थालाई स्वेच्छामा लिक्वीडेसन खारेज गर्ने निर्णय गरी मलाई लिक्वीडेटर नियुक्त गरेकोले उक्त संस्थासँग कसैको केही लिनु दिनुपर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सबुत प्रमाणसहित लिन आउन तथा दिनेले दाखिला गर्न आउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो म्याद नाघेपछि कसैले हकदावी र माग गर्न पाउने छैन । संस्था खारेज भई जाने छ ।

**सूचना प्रकाशित गर्ने**
श्री उम बहादुर सोमै दामासाही व्यवसायी
प्र.प.नं. ४८५, का.म.न.पा.-३२, काठमाडौं, मोवाइल नं. ९८४१८७३२५३

### सेफवे बचत तथा ऋण सहकारी संस्था लि.

**पुरानो बानेश्वर, १० काठमाडौ, फोन नं. ०१-४५९९३९२**

**१६ औं बार्षिक साधारण सभाको सूचना**

**प्रकाशन मिति: २०८२/०८/२५**

**आदरणीय शेयर सदस्य महानुभावहरू**

यस सेफवे बचत तथा ऋण सहकारी संस्था लि. बानेश्वर,१० काठमाडौं को मिति २०८२/०८/२४ गते बुधबार बसेको संचालक समिति बैठकको निर्णयानुसार यस संस्थाको १६ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने भएकोले संस्थाको विनियम २०६६ को दफा २४ र सो अन्तरगतको उपदफाहरु बमोजिम यो सूचना प्रकाशित गरिएकोछ । उक्त सभामा अनिवार्य उपस्थितीका लागी सम्पूर्ण सदस्यहरूलाई आमन्त्रण गएिकोछ । साथै यस सहकारी संस्थाको मातृ संस्था गरिवी निवारण संस्था नेपालको वार्षिक साधारण सभा समेत यसै दिनमा हुने समेत जानकारी गराईन्छ ।

**छलफलका विषयहरू**

१. अध्यक्षज्यूबाट संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन ।
२. आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन ।
३. आ.व. २०८१/०८२ मा संचालक समितिमा भएका निर्णयहरु अनुमोदन गर्ने ।
४. आ.व. २०८२/०८३ को लागी लेखा परीक्षकको नियुक्ति र पारिश्रमिकतोक्ने बारे ।
५. विविध ।

**संस्थाको १६ औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

स्थान : मानसरोवर पार्टी प्यालेस, पुरानो बानेश्वर ।
मिति : २०८२/०९/२५ गते शुक्रबार
समय : दिनको १३.३० बजे

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
**Email: dhruvswamig@gmail.com**

**बिहीबार, २५ मंसिर, २०८२**

| | |
|---|---|
| **मेष** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **वृष** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **मिथुन** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **कर्कट** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **सिंह** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **कन्या** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **तुला** | विशेष काम, रोकिएका काम बन्नेछ । |
| **वृश्चिक** | उत्साववर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **धनु** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **मकर** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **कुम्भ** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **मीन** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**२५ मंसिर, २०८२ (११ डिसेम्बर, २०२५)**

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४३.५१ | १४४.११ |
| युरो | १ को | १६७.०५ | १६७.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | १९१.३४ | १९२.१४ |
| स्विस फ्रैन्क | १ को | १७७.८८ | १७८.६२ |
| अस्ट्रेलियन डलर | १ को | ९५.२५ | ९५.६५ |
| क्यानाडियन डलर | १ को | १०३.६८ | १०४.११ |
| सिंगापुर डलर | १ को | ११०.६९ | १११.१५ |
| जापानी येन | १० को | ९.१९ | ९.२३ |
| चिनियाँ युआन | १ को | २०.३१ | २०.४० |
| साउदी अरब रियाल | १ को | ३८.२४ | ३८.४० |
| कतारी रियाल | १ को | ३९.३७ | ३९.५४ |
| थाई भाट | ख १ को | ४.५१ | ४.५३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.०७ | ३९.२४ |
| मलेसियन रिङेट | १ को | ३४.८७ | ३५.०२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७८ | ९.८२ |
| स्विडिस क्रोनर | १ को | १५.३४ | १५.४१ |
| डेनिस क्रोनर | १ को | २२.३७ | २२.४६ |
| हङकङ डलर | १ को | १८.४४ | १८.५२ |
| कुवेती दिनार | १ को | ४६७.४३ | ४६९.३८ |
| बहराइन दिनार | १ को | ३८०.६९ | ३८२.२८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# निर्वाचनमा सघाउन प्रधानमन्त्रीको अपिल

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले निर्धारित समयमा प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन गराउन सबै पक्षलाई सहयोग गर्न अनुरोध गरेकी छिन् । ७७औं अन्तरराष्ट्रिय मानवअधिकार दिवसको अवसरमा बुधबार शुभकामना व्यक्त गर्दै प्रधानमन्त्री कार्कीले निर्वाचन सम्पन्न गराउन सबै पक्षलाई सहयोग गर्न अनुरोध गरेकी हुन् ।

कार्कीले सरकारले भ्रष्टाचारका विरुद्धमा कठोर कदम चाल्ने प्रतिबद्धता जनाउँदै सुशासन कायम गर्नु सरकारले लक्ष्य रहेको धारणा राखिन् । पारदर्शिता र जवाफदेहिताको वातावरणबिना मानवअधिकार सुरक्षित रहन नसक्ने उल्लेख गर्दै उनले यो मार्गमा सरकार दृढतापूर्वक अघि बढिरहेको बताइन् ।

प्रधानमन्त्री कार्कीले भनिन्, 'लोकतन्त्रको आत्मा भनेको स्वच्छ र निष्पक्ष निर्वाचन हो । नागरिकले भय, प्रलोभन वा दबावबिना आफ्नो प्रतिनिधि छान्ने वातावरण सुनिश्चित गर्नु राज्यको मौलिक दायित्व हो । आगामी फागुन २१ गतेको निर्वाचनलाई अझ मितव्ययी, पारदर्शी र प्रविधिमैत्री बनाउन सरकार प्रतिबद्ध छ ।' कार्कीले निर्वाचनमा खटिने सुरक्षा निकायका कर्मचारीलाई उच्च मनोबलमा काम गर्ने वातावरण सरकारले मिलाउने विश्वास दिलाइन् ।

सम्पूर्ण बालिग नेपालीको मताधिकारलाई सुनिश्चित गर्दै सबै राजनीतिक दललाई निर्वाध रूपमा भाग लिन र निर्वाचनजस्तो लोकतान्त्रिक अनुष्ठानलाई सफल पारी मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नसमेत प्रधानमन्त्री कार्कीले अनरोध गरिन् । 'नेपालको शान्ति प्रक्रियाले विश्वलाई प्रेरणा दिएको छ, तर सङ्क्रमणकालीन न्यायका बाँकी काम टुङ्गिन ढिलो भइरहेका छन् भन्ने विषयमा सरकार जानकारीमा छ । पीडितलाई न्यायको अनुभूति नदिलाएसम्म सङ्क्रमणकालीन न्याय पूर्ण हुँदैन', प्रधानमन्त्री कार्कीले भनिन् । हालै परिमार्जित कानुन र सहमतिको आधारमा यस प्रक्रियालाई पीडितमैत्री र विश्वसनीय निष्कर्षमा पुऱ्याउन सम्बन्धित संयन्त्रहरू सफल हुने उनको भनाइ छ ।

राष्ट्रिय मानवअधिकार आयोग लोकतन्त्रको पहरेदार संस्था भएकाले यसको स्वायत्तता, स्वतन्त्रता र प्रभावकारितालाई सरकारले उच्च प्राथमिकताका साथ संरक्षण गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले आयोगका सिफारिस कार्यान्वयन गर्न सरकार प्रतिबद्धत रहेको बताइन् । आयोगलाई 'क' श्रेणीमा कायम राख्न संस्थागत तथा भौतिक पूर्वाधार, जनशक्ति र बजेट व्यवस्थापनलाई अझ सुदृढ बनाइने उनले उल्लेख गरिन् ।

प्रधानमन्त्री कार्कीले भनिन्, 'मानवअधिकारको संरक्षणमा जलवायु परिवर्तन आजको अर्को चुनौतीका रूपमा देखापरेको छ । नेपाल न्यूनतम कार्बन उत्सर्जन गर्ने राष्ट्र हुँदाहुँदै पनि जलवायु परिवर्तनका विनाशकारी प्रभावहरू सबैभन्दा बढी भोग्नुपरेको छ । हिमाल पग्लिनु, अनिश्चित मौसमचक्र, बाढीपहिरो, तापक्रम वृद्धिलगायत जलवायुजन्य असरले हाम्रो जीवनका हरेक आयाम, खाद्य सुरक्षा, स्वास्थ्य, बसोबास, शिक्षालगायतलाई प्रत्यक्ष प्रभावित बनाइरहेका छन् ।'

सरकारले अनुकूलन, जोखिम न्यूनीकरण, दिगो विकास र जलवायु न्यायका क्षेत्रमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीलाई मजबुत बनाउँदै सक्रिय रूपमा अघि बढिरहेको उनले बताइन् । प्रधानमन्त्री कार्कीले दिगो विकासका लक्ष्यको मूल भावनासहित गरिबी न्यूनीकरण, लैङ्गिक समानता, सामाजिक न्याय, समावेशिता, शान्ति र समृद्धिको दिशामा सरकार निरन्तर अग्रसर रहेको बताइन् । *रासस*

# लाटोकोसेरो संरक्षित क्षेत्र बन्यो बास्कुना

**म्याग्दी–** बेनी नगरपालिका-४ बास्कुनामा रहेको देउरालीपाखा सामुदायिक वनलाई संकटापन्न पन्छी लाटोकोसेरो संरक्षण क्षेत्र बनाइएको छ ।

करिब २१.६५ हेक्टर क्षेत्रफलमा फैलिएको वनमा पाइने लाटोकोसेरो जोगाउन र पर्यापर्यटनको उद्देश्यले संरक्षण क्षेत्र बनाइएको हो । देउरालीपाखा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष भीम थापाले संरक्षण क्षेत्र घोषणा र सचेतनामूलक कार्यक्रमका सञ्चालन भएपछि लाटोकोसेरो प्रशस्त देखिन थालेका बताए ।

'वयट्ली फण्ड फर नेचर (डब्लुएफएन) अवार्डको सहयोगमा प्रकृतिका साथी संस्थाले डिभिजन वन कार्यालयसँगको समन्वयमा एक वर्षअघि घोषणा गरेको देउरालीपाखा सामुदायिक वनलाई लाटोकोसेरो संरक्षण विशेष तथा गुलेली प्रतिबन्धित क्षेत्र प्रभावकारी बनेको छ,' उनले भने, 'यो वन क्षेत्रभित्र गुलेली प्रयोग गरी चरा मार्न, लाटोकोसेरोको गुँड भएको रुख काट्न तथा यिनको सिकार गर्न पूर्णरूपमा प्रतिबन्ध लगाएका छौं ।' अध्यक्ष थापाका अनुसार एक वर्षअघि गरिएको अध्ययनका क्रममा बास्कुना क्षेत्रमा नेपालमा पाइने २३ मध्ये दुई प्रजातिका लाटोकोसेरो भेटिएका थिए । बेनी-४ का वडासदस्य तथा बास्कुनाका बासिन्दा सन्दीप खत्रीले लाटोकोसेरोको संरक्षणसँगै बास्कुना कृषि र पर्यापर्यटनको गन्तव्य बनाउन लागिएको बताए ।

झण्डै २५ घरधुरीको बसोबास रहेको बास्कुना गाउँभरि सुन्तलाखेती भएको छ । सुन्तला बगैंचाको वरपरको जंगलमा लाटोकोसेराको बासस्थान छ । राति र साँझको समयमा लाटोकोसेराको आवाज सुन्न सकिन्छ । ठूला र बूढा रुख लाटोकोसेरोको बासस्थान हुन् । आधुनिक घर बनाउने क्रमसँगै पुराना घरमा बनाइने खोपीमा बस्ने र सन्तान उत्पादन गर्ने लाटोकोसेरोमैत्री संरचनाको अभाव भएको छ ।

सुरक्षित आहाराको कमी, कृषिमा प्रयोग हुने रासायनिक मल तथा विषादीको बढ्दो प्रयोगका कारणले पनि लाटोकोसेरो लोप हुने अवस्थामा पुगेको संरक्षणविद् डा. हुम गुरुङले बताए । 'नेपालमा २३ प्रजातिका लाटोकोसेरो पाइन्छन्,' उनले भने, 'तीमध्ये नौ प्रजाति राष्ट्रिय रूपमा संकटापन्न अवस्थामा रहेको अध्ययनले देखाएको छ ।'

लाटोकोसेरोले मुसा खाएर किसानको बालीनाली जोगाउन भूमिका खेल्छ । यसैले लाटोकोसेरोलाई किसानको साथी पनि भनिन्छ । यसका साथै अन्य हानिकारक कीरा, फटचांग्रा, सर्प, छेपारोलगायत जीवलाई आहारा बनाएर लाटोकोसेरोले पारिस्थितिक प्रणालीलाई सन्तुलित राख्न र सनातन खाद्यचक्रलाई गतिशील बनाउन भूमिका खेलेको छ ।

लाटोकोसेरो संरक्षणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भूसंरक्षण विभागले १० वर्षे लाटोकोसेरो तथा हुचिल संरक्षण कार्ययोजना (सन् २०२०-२०२९) लागू गरेको डिभिजन वन कार्यालयका वन अधिकृत चन्द्रमणि सापकोटाले बताए । उनका अनुसार यस योजनाले लाटोकासेरो संरक्षण र चोरी सिकार नियन्त्रण हुने विश्वास गरिएको छ । *रासस*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५०/०४/०७ मा दर्ता भएको **प्रा. लि. नं. १०५४६९** को **KHETAN MARKETING COMPANY PVT. LTD** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# पूर्व-पश्चिम राजमार्ग विस्तार गर्न छ हजार रूख काटिने

**जलेश्वर (महोत्तरी)–** पूर्व-पश्चिम राजमार्ग विस्तारका लागि महोत्तरी जिल्लामा छ हजार २७ रुख कटान गरिने भएको छ ।

पूर्व-पश्चिम राजमार्ग विस्तारअन्तर्गत कमला-ढल्केवर-पथलैया सडक पूर्वीखण्ड आयोजनाका प्रमुख राजेशकुमार दासका अनुसार विभिन्न समस्या र चुनौतीकाबीच लामो समयपश्चात् डिभिजन वन कार्यालय, वन तथा भूसंरक्षण विभाग र वन तथा वातावरण मन्त्रालयहुँदै सम्पूर्ण प्रक्रिया पूरा भएपछि रुख काटिने आदेश प्राप्त भएको हो ।

प्रमुख दासले यस आयोजनाअन्तर्गत पूर्वी खण्डले निर्माण कार्य गर्ने महोत्तरी, धनुषा र सर्लाही जिल्लामा जम्मा ११ हजार ५७७ रुख कटान गर्ने आदेश प्राप्त भएको बताए । सोअन्तर्गत सर्लाहीमा तीन हजार ६७४ र धनुषामा एक हजार ८७६ रुख कटान गर्ने आदेश भएको प्रमुख दासले बताए । उनका अनुसार सडक विस्तारका क्रममा सहरी तथा बजार क्षेत्रमा छ लेनसहित ३१ मिटर चौडाइ र अन्य क्षेत्रमा चार लेनसहित १८ मिटर चौडाइ कायम गरिने भएको छ । सडक विस्तारका लागि सबैभन्दा बढी सालका रुख कटान गरिने भएका छन् । सडक विस्तारमा बिजुलीका खम्बा सार्ने र खानेपानीको पाइप बिछ्याउने कामसमेत चुनौतीका रूपमा रहेको आयोजना प्रमुख दासले बताए । *रासस*

**जानकारी गराएको बारे**

उपरोक्त सम्बधमा त्यस प्राधिकरणको मिति २०८२/८/१७ पत्र संख्या ने.वि. प्रा ०८२/८३ वि.व्या.बि. च.न७९० को पत्र प्राप्त भई व्यहोरा अवगत भयो सो सम्बन्धमा श्री सिन्धुज्वाला हाईडोपावर लिमिटेडद्वारा प्रवर्द्दन भैरहेको माथिल्लो नेसम खोला जल बिद्युत आयोजना यस बैकको अगुवाईमा मिति ४ नोभेम्बर २०१८ मा सम्पन्न बित्तिय व्यवस्थापन सम्झौता भए बमोजिम आज मिति सम्म रु. ३७,४४०,००० र बराबरको बैक जमानत मात्र जारी गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

**म्यानेजर प्रोजेक्ट फाइनान्सिङ**
**प्रमुख कर्पोरेट एण्ड प्रोजेक्ट फाइनान्सिङ**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८२/०८/२५ गते**

खप्तड रियलस्टेट प्रा.लि.को २०८२/०८/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./५७४८०, मिति २०८२/०८/२२ को पत्र अनुसारको निर्णयबाट साविकको **खप्तड रियलस्टेट प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम खप्तड होल्डिङ्स प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साबिकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **खप्तड होल्डिङ्स प्रा.लि. (Khaptad Holdings Pvt Ltd)** कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**युएइमा रोजगार**

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/०३ पूर्व स्वीकृति मिति : २०८२/०८/२४ LT. No. 329570 चलानी नं. ६०२४३४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Sellers | 95 | 0 | 1000 | ३९,२२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: लेखनाथ नगरपालिका, नागढुंगा-८, बाजेको सेकुवा पोखरा, कास्की मिति: २०८२ पुस ३ गते (18 Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FC श्रम इजाजत नं. १५८९/०७९/०८०

Friendship And Cooperation Recruitment Pvt.Ltd
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647
E-mail: fcmanpower1589@gmail.com

**बहराइनमा रोजगार**

कम्पनी : THE K HOTEL

पूर्व स्वीकृति मिति : २०८२/०८/२४ LT. No. 335035 चलानी नं. ६०२४८६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 2 | 150 | ५७,२२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Room Attendants | 1 | 1 | 150 | ५७,२२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३ गते (18th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KnC Govt. Reg. No. 699/063/064

K & C International Pvt. Ltd
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633

**कुवेतमा रोजगार**

कम्पनी : TASTE WHEAT RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२४ LT. No. 331029 चलानी नं. ६०२४४७३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF ASSISTANT. | 20 | 0 | 130 | ६०,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३ गते (18th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**साउदीमा रोजगार**

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२४ LT. No. 325059 चलानी नं. ६०२३८९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 10 | 0 | 1800 | ६५,४०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labouers | 19 | 0 | 1000 | ३६,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुष ३ गते (15th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

**युएइमा रोजगार**

कम्पनी : BURJ ALAYAN BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/२८ पूर्व स्वीकृति मिति : २०८२/०८/२४ LT. No. 323652 चलानी नं. ६०२३७६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 6 | 0 | 800 | ३१,३८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EMIRATES TASTE CATERING SERVICES FOOD L L C

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ पूर्व स्वीकृति मिति : २०८२/०८/२४ LT. No. 325209 चलानी नं. ६०२३९११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT COOK | 15 | 0 | 1200 | ४७,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Female | 0 | 10 | 1000 | ३९,२२७ | | | | | | | |
| 3 | CLEANER MALE | 20 | 0 | 900 | ३५,३०४ | | | | | | | |
| 4 | Restaurent Worker | 20 | 0 | 1000 | ३९,२२७ | | | | | | | |
| 5 | Waiter | 49 | 0 | 1200 | ४७,०७२ | | | | | | | |
| 6 | Waitress | 0 | 15 | 1200 | ४७,०७२ | | | | | | | |

कम्पनी : INDIA PALACE RESTAURANT LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ पूर्व स्वीकृति मिति : २०८२/०८/२४ LT. No. 312807 चलानी नं. ६०२२७१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier Female | 0 | 20 | 1300 | ५०,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier Male | 20 | 0 | 1300 | ५०,९९५ | | | | | | | |
| 3 | Commi | 13 | 0 | 1200 | ४७,०७२ | | | | | | | |
| 4 | Waiter | 8 | 0 | 1100 | ४३,१४९ | | | | | | | |
| 5 | Waitresses | 0 | 20 | 1200 | ४७,०७२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३ गते (18 Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

**Koshi Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office, Bhojpur**
**Bhojpur, Nepal**

## Invitation for Bids

**First Date of Publication: 2082-08-25 (December 11, 2025)**

**Invitation of Bid No.: 05-082/83**

1. Infrastructure Development Office, Bhojpur invites electronic bids only from eligible bidders for following procurement of works:

| S. N. | Contract Identification Number | Project Name | Estimated Amount Including PS &VAT (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDO/BHO/W/ NCB-37/082/83 | Upgrading Works of i) Ramprasad Rai gaunpalika wada no. 4, dalgaun dipeni dandagaun hudai pakhuwa devithan sadak (Track Open), Bhojpur<br>ii) Ramprasad Rai Gaunpalika wada no. 1 Okhre hurbu Roktawa khena Sadak, Bhojpur | 9,65,441.25 | 22,000.00 | 3000.00 |
| 2 | IDO/BHO/W/ NCB-38/082/83 | Upgrading Works of i) Ramprasad Rai gaunpalika Wada no. 5 Manebhanjyang Pudketar dekhi Sabik 3 no. basikhora Sadak, Bhojpur.<br>ii) Baikunthe Chhapgaun Tallo krishi Sadak, (Track Open) Wada no. 6, Bhojpur | 10,62,229.44 | 24,000.00 | 3000.00 |
| 3 | IDO/BHO/W/ NCB/39/082/83 | Upgrading Works of i) Hatuwagadhi Gaunpalika wada no. 6 prajatantra ma.bi. PingDanda Tol bata Dhara tol Khelmaidan Samma Sadak, Bhojpur<br>ii) Pangcha Lasune krishi sadak Aamchok wada no. 10, Bhojpur | 14,48,538.04 | 33,000.00 | 3000.00 |
| 4 | IDO/BHO/W/ NCB-40/082/83 | Upgrading Works of i) Dingla Satighat Sadak(Dingla Bajar Bata Sankhuwasabha Jilla Jodne Mukhyamantri Sadak) Shadanand Na. Pa. ,Bhojpur<br>ii) Chumang Danda Dekhi KholaKhark,Baidar Bhanjyang Hudai Chautare Danda Samm Sadak Dhalan Tatha Sidhi Nirman, Bhojpur. | 20,27,828.02 | 45,000.00 | 3000.00 |

2. Purchase, Submission and Opening of the Bid:

| For NCB Contract: | | | |
|---|---|---|---|
| Submission of Bid | | Opening of Bid | |
| Date | Time | Date | Time |
| 2082/09/28 (January 12, 2026) | 12 Hrs. | 2082/09/28 (January 12, 2026) | 13 Hrs. |

| Bank Details | | | | |
|---|---|---|---|---|
| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading No. |
| Province Treasury Controller Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 2040100202030000 (Pradesh Dharauti) | Office code 3370107011 |
| Infrastructure Development Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 1000200010000 (Rajswa) | 14229 (Revenue Code) |

3. Bid Security period shall be 30 days beyond bid validity period. Bidder has to submit their bid electronically only. They may download the bidding documents for further information, inspection & e-submission from PPMO's website http://www.bolpatra .gov.np.
4. If the last date of purchasing, submission and opening fall on a government holiday then the next working day shall be considered as the last day.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum)

**Office Chief**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# जेन–जी र सरकारबीच समझदारी स्वागतयोग्य

जेन–जी विद्रोहको तीन महिनापछि बल्ल परिवर्तनलाई संस्थागत गर्ने गरी सरकारले सम्झौता अघि बढाएको छ । यसअघि जेन–जीको कुनै कुराको सुनुवाई नगरी सरकारले भदौ २४ को घटनामात्र देखाएर आन्दोलनमा सहभागीलाई धरपकड गर्दै आएको थियो । यो सम्झौतासँगै अब सरकारले जेन–जी विद्रोहका क्रममा संलग्न भन्दै पक्राउ परेकाहरूको स्क्रिनिङ गर्ने आधार बनेको छ । कुनै अपराधमा संलग्न नभएका तर परिवर्तनको पक्षमा आन्दोलित भएकालाई अब राज्यले पक्राउ गर्न पाउनेछैनन् । यो सम्झौता अक्षरशः पालना हुनुपर्दछ । यसका लागि सहमतिमा भएअनुसारका उच्चस्तरीय कार्यदल र आयोगहरू तत्काल बन्नुपर्दछ । यो विद्रोहको क्रममा सरकारको नेतृत्व गरिरहेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकलगायत प्रशासन प्रमुखहरू अनुसन्धानमा तानिनुपर्छ ।

भदौ २३ र २४ गते भएको विद्रोहमा सहादत प्राप्त गरेका, घाइते भएकोहरूको सम्मानमा यो परिवर्तनलाई संस्थागत बनाउन सबै पक्षले सहयोग गर्नुपर्ने आजको आवश्यकता पनि हो । सम्बन्धित शहीद परिवार र घाइतेसँगको परामर्श तथा समन्वयमा तत्काल एक उच्चस्तरीय कार्यदल गठन गर्ने सहमति भएको छ । यो कार्यदलले विस्तृत अध्ययन गरी घाइतेहरूको चाँडोभन्दा चाँडो उचित उपचार गरोस् र शहीद परिवारलाई उचित राहत उपलब्ध गरोस् । त्यसैगरी मुलुकमा सदाचार तथा सुशासन प्रवर्द्धन, भ्रष्ट्राचार निवारण तथा दण्डहीनता अन्त्य गर्न छुट्टै स्थायी प्रकृतिको आयोग गठन गरिने सम्झौता पनि भएको छ । यो बुँदाले भने अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई विश्वास नगरेको देखिएको छ । यो विषयमा एकै प्रकृतिका संस्थाहरू थोपर्ने काम भने गर्नुहुन्न ।

सम्झौतामा निर्वाचनसम्बन्धी केही व्यवस्थाहरू संशोधनको प्रस्तावसमेत भएको देखिन्छ ।  जस्तो नो भोटको व्यवस्था, कार्यरत क्षेत्रबाटै मतदान गर्नु पाउने व्यवस्था, प्रवासीको मताधिकार सुनिश्चित गर्ने नीतिहरू सुधार हुनुपर्ने जेन–जीको माग समझदारीमा समेटिएको छ । यसका लागि संविधान संशोधन हुनुपर्छ । समझदारीमा राजनीतिक दलमा अध्यक्ष वा सभापति अधिकतम दुई कार्यकालका लागि मात्रै हुन सक्ने प्रबन्ध गरिने विषयहरू पनि समेटिएका छन् । निर्वाचन प्रयोजनका लागि गरिने गठबन्धन नियन्त्रण गर्ने व्यवस्था पनि ल्याउन माग गरिएको छ । यसका लागि उच्चस्तरीय संविधान संशोधन सुझाव आयोगको समेत सम्झौताले माग गरेको छ । यी मागहरू पुरा गर्न जेन–जी निरन्तर रूपमा लाग्नुपर्ने देखिन्छ । संविधान संशोधन सहज विषय हैन, यसका लागि संसद चाहिन्छ । संसद बन्न प्रतिनिधि सभाको निर्वाचनमा सहभागी हुनुपर्छ र बहुमतसमेत ल्याउनुपर्ने हुन्छ । त्यसैले यी माग पुरा गर्न जेन–जी निर्वाचनमा होमिनु आवश्यक छ ।

# जबरजस्ती सडक विस्तारविरुद्धको अभियान



❑ पदम श्रेष्ठ

कीर्तिपुर चोभारस्थित ह्रासिकाप गल्छीको ढुंगा काटेर उपत्यकाको पानी बाहिर पठाउने भनी कुरा उठेपछि सरकारविरुद्ध स्थानीयले आन्दोलन छेड्यो । गुठियारलाई नै जानकारी नगराई गुठी विधेयक ल्यायो । विरोध भयो, फेरि रोकियो । मुआब्जा नदिई वा कम मुआब्जाको भरमा सडकको दायाँबायाँ कतै नौ मिटर त कतै ११ मिटर विस्तारको नाउँमा स्थानीयको घर भत्काइयो, व्यापक विरोधपछि त्यो अभियान पनि रोकियो ।

तर जनताले के थाहा पाएका छैनन् भने यी विस्तार अभियान रोकिएको मात्र हो कि खारेजै भएको हो भनेर । यसो बुझेर ल्याउँदा उपत्यकामा मेट्रो रेलदेखि चीन-नेपाल-भारत छिचोल्ने द्रुत रेलसम्मको शिलान्यास त भयो तर त्यो रेल, फास्टट्र्याकसम्म आउँछ कि आउँदैन ? आएपनि कति समयसम्ममा आउँछ ? बन्छ कि बन्दैन भन्ने कुरा स्थानीय जनतालाई थाहा छैन । स्थानीयका लागि बन्ने विकास स्थानीयलाई मात्र होइन, जनप्रतिनिधिहरूलाई समेत थाहा नभएको पाइयो । सरकार वा गैरसरकारी समूहले बेलाबेलामा सलह, हुरी वा आगलागी जस्तो गरी ल्याइने यस्ता हावा घण्टीविरुद्ध जनता स्वयं एकताबद्ध हुनुपर्ने भएको छ ।

'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भनिएझैं ल्याइएको ह्रासिकाप काट्ने र उपत्यकाको पानी निकास गर्ने भन्ने कुरा नै हावा घण्टी भन्दा केही नभएको प्रमाणित हुँदै जान थालेको छ । विनासूचना, विनायोजना यसअघि पनि ल्याइएको सडक विस्तार, नदी किनारमा ४०-४० मिटर खाली गराउने अदालतको आदेश कानुनी राज्यभित्रको लुटतन्त्रबाहेक केही हुन सक्दैन ।

काठमाडौं उपत्यकाको आदिकालीन संरचनालाई शाह तथा राणाकालीन राज्यसत्ताले ध्वष्त त बनायो नै त्यसमाथि अहिले साम्राज्यवादी राज्यसत्ताका दलाल सरकारले चल्लालाई बाजले झम्टेजस्तै झम्टिरहेको अनुभूति गरिरहेका छन्, उपत्यकावासीले । विकासका नाउँमा बेलाबेला ल्याइने हावा घण्टीरूपी बाहिरी चक्रपथ विस्तार, मेट्रो रेल, सडक विस्तारले राष्ट्र विकास होइन कि देशमा केही न केही राष्ट्रघाती कार्य हुँदै त छैन ? भन्ने थुप्रै प्रश्नहरू उठाएको छ । त्यसैले जबरजस्ती सडक विस्तारविरुद्धको संघर्ष समितिका संयोजक सुमन सायमी भन्छन्, अब काठमाडौं उपत्यकामा भौतिक विकासको आवश्यकता नै छैन । त्यो विकास चप्पले नेताहरूको आफ्नै गाउँमा लगियोस् । हामी हाम्रो उपत्यका हामी आफैंले विकास गर्छौं ।

अमेरिका पत्ता नलागेको बेला समृद्धिको शिखरमा पुगिसकेको काठमाडौं उपत्यकामा जथाभावी नक्सापास वा जमिनको दलाली गरेर अस्तव्यस्त बनाइदिएको छ आज । अर्कोतर्फ राजनीतिक कार्यकर्ताहरूको भोट बैंक वा स्थानीय टोले गुण्डाहरूको कमाइखाने भाँडो सुकुम्बासीको नाउँमा नदी किनार हस्तक्षेप गराइरहने र अर्कोतर्फ खोला मापदण्ड भन्दै नेपाल सरकारको मन्त्रिपरिषद् र सर्वोच्च अदालतको आदेशका नाउँमा उपत्यकाका सम्पूर्ण नदी किनारमा पुर्ख्यौली वा रगत पसिना एक गरी जोडेको जमिनमा बनेका घरहरूलाई समेत उठीबास लगाउने भएपछि त्यसको विरुद्ध संघर्षमा उठेको छ, उपत्यकाबासी । नदी किनारमा बाहिरबाट आएर राजनीतिक कार्यकर्ताका रूपमा बसेका सुकुम्बासीलाई चाहिँ नउठाउने तर पुर्ख्यौली जमिनमा वा किनेर बनेको नक्सापास र कर तिरेको सडक छेउ वा नदी किनारमा बनेका घरहरूलाई चाहिँ एउटा कानुन ल्याएर भत्काउने ? प्रश्न जटिल छ । जुन कुराको तथ्य कुरा नै थान्को नलागिरहेको अवस्थामा फेरि ताइ न तुइको चोभार ह्रासिकाप छेडनको कुरा ल्याएर सरकारले उपत्यकाका आदिवासी नेवार समुदायमाथि गर्न खोजेको के हो ? प्रश्न उठेको छ ।

संयुक्त संघर्ष समितिका संयोजक राजाराम तण्डुकार भन्छन्, 'हाम्रो भूमिमा हामीलाई नै विस्थापित गराउने नदी किनारको मापदण्ड कुनै पनि आदेश वा निर्णयका आधारमा स्वीकार्य छैन । खोला मापदण्डसम्बन्धी खारेजीको माग राखी निरन्तर संर्घरत संयुक्त संघर्ष समितिले एकै स्वरमा भनेको छ कि अव्यावहारिक सडक र खोला मापदण्ड पूर्णरूपमा खारेज गरियोस् । जनतालाई जे पायो त्यही नाउँमा कानुन ल्याएर तर्साउने, पीडित बनाउने र विस्थापित गर्ने कार्य रोकियोस् ।

विविद्य जातीय खलः पुचको संयुक्त संघर्ष समितिले आन्दोलनको घोषणा गर्दै भनेको छ कि, सर्वोच्च अदालतले काठमाडौं उपत्यकाका नदी किनार खाली गर्न दिएको परमादेशलाई पुनरावलोकन गरियोस् अन्यथा जनअदालतले त्यो आदेश दिने अदालत, नेता, जनप्रतिनिधिको घर भत्काउनेतर्फ लाग्नुपर्ने स्थिति नआओस् ।

यदि अदालतले २०६५ सालको मन्त्रिपरिषद्को बैठकले गरेकै निर्णयलाई सदर गरिदिएमा उपत्यकाका एक चौथाइ भूमिपुत्रहरूको उठीबास लाग्ने ठहर गरिएको छ । पृथ्वीनारायण शाहकालीन राज्यसत्तादेखि हालसम्म विभिन्न बहानामा उपत्यकाका आदिवासी नेवार, तामाडलगायतलाई घरबारविहीन बनाउने कार्य भएको छ, त्यो बन्द हुनुपर्ने अर्का अभियन्ता यादवलाल कायस्थको आग्रह छ ।


पुराना टुर गाइड फर्पिङ निवासी सामाजिक अभियन्ता केशव पौडेल भन्छन्- दक्षिणकाली नगरपालिकाले २०६५ सालमा चप्पलकारखाना खोल्ने भनेर सस्तोमा १०० रोपनीभन्दा बढी जग्गा अधिग्रहण गरेको थियो तर चप्पलकारखाना नबनाई जग्गा बाँझै छोडिएको छ । चप्पलकारखाना नबनेपछि सो जग्गा जनतालाई नै कृषि कर्म गर्न फिर्ता दिनुपर्ने कि नपर्ने जग्गाधनी नेवारहरू स्वयं चुपचाप बसेपछि दलाल सरकारले विभिन्न नाउँमा दलाली त गर्छ नै । कीर्तिपुरको पाँच हजारभन्दा बढी जग्गा त्रिभुवन विश्वविद्यालयले अधिग्रहण गरेकोमध्ये तीन हजार ५०० रोपनी जमिन त अपचलन भएको रहेछ त ! शिक्षामन्त्री महावीर पुनले फिर्ता प्रक्रिया अगाडि बढाइसकेको स्थिति हो । त्यो जमिनलाई पुनः कृषकलाई नै कसरी कृषि कर्मका लागि फिर्ता गराउन सकिन्छ भन्नेबारे बहस चलाउनुपर्ने पौडेल बताउँछन् ।

स्मरणीय छ, उपत्यकामा डुबान र बाढीको समस्या बढोत्तरी हुनुको कारण चोभार गल्छी हैन, हुनै सक्दैन । बरु खोलाको साविक बहावमार्ग मिच्नेगरी गरिएको कोरिडर बाटो निर्माण, खोलाको अधिकार क्षेत्र मिचेर तथा साविक बाढी र डुबानलाई बेवास्ता गरी बसाइएको बस्ती, अवैज्ञानिक खोलाको मापदण्ड तथा यसको मनपरि प्रयोग, घनाबस्ती, वर्षात्को पानी सबै खोलामा सीधा, तुरुन्त जानेगरी निर्माण  भएका पूर्वाधार हुन् भन्ने कुरामा अब द्विविधा रहनु हुन्न ।

बरु सरकारले उपत्यकाको वास्तविक विकासै गर्न चाहेको हो भने  ऐतिहासिक वास्तविक सुकुम्बासीलाई छानबिन गरी सामूहिक घर निर्माण गराई न्यूनतम् किस्ताबन्दीमा घर दिने र सुकुम्बासी नदी किनारबाट पूर्णरूपले हटाउने । सडक मापदण्डविपरीत बनाइएका संरचनाहरूलाई भत्काएर हरियाली पार्क बनाउने कार्य मेयर केशव स्थापितदेखि काठमाडौं महानगरका वर्तमान मेयर बालेन्द्र साह -बालेन) सम्मले गरेको असल कर्मलाई व्यापकता दिने गर्नुपर्दछ । साथै, कुनै पनि नयाँ निर्माण विकास गर्दा स्थानीय बासिन्दाको उपभोक्ता समिति अनिवार्य बनाउनुपर्दछ ।

स्मरणीय छ, उपत्यकामा डुबान र बाढीको समस्या बढोत्तरी हुनुको कारण चोभार गल्छी हैन, हुनै सक्दैन । बरू खोलाको साविक बहावमार्ग मिच्नेगरी गरिएको कोरिडर बाटो निर्माण, खोलाको अधिकार क्षेत्र मिचेर तथा साविक बाढी र डुबानलाई बेवास्ता गरी बसाइएको बस्ती, अवैज्ञानिक खोलाको मापदण्ड तथा यसको मनपरि प्रयोग, घनाबस्ती, वर्षात्को पानी सबै खोलामा सीधा, तुरून्त जानेगरी निर्माण भएका पूर्वाधार हुन् भन्ने कुरामा अब द्विविद्या रहनु हुन्न ।

# महिलाको छवि—सकारात्मक परिवर्तनमा मिडिया



❑ विमला तुम्खेवा

नेपाली राजनीतिमा महिलाको उपस्थिति र योगदानलाई इतिहासका प्रत्येक कालखण्डमा फर्केर हेर्दा अर्थपूर्ण बलिदान र सहभागिता स्पष्ट देखिन्छ । तर दुर्भाग्यवश, राज्य र समाजले कहिल्यै पनि महिलाको योगदानलाई न्यायोचित र उचित ढङ्गले मूल्याङ्कन गर्न सकेको छैन । विसं २००७ देखि २०४६ को जनआन्दोलन, २०६२र६३ को जनआन्दोलन हुँदै माओवादी जनयुद्धसम्म महिलाले गरेको सङ्घर्ष र पुऱ्याएको योगदान अनि देखाएको साहस नेपाली समाजमा मात्र नभएर दक्षिण एशियामै उदाहरणका रूपमा लिने गरिन्छ ।

नेपाली राजनीतिक इतिहासका हरेक निर्णायक क्षणमा महिलाको भूमिका अत्यन्तै महत्वपूर्ण रहँदै आएको छ । तर उनको योगदानलाई राज्यले वा समाजले न्यायोचित मूल्याङ्कन भने गर्न सकेको छैन । विसं २००७ को प्रजातान्त्रिक आन्दोलनमा महिलाले गोप्य बैठक सञ्चालन गरेकोदेखि प्रचारप्रसार, राजनीतिक सामग्री वितरणसम्म महत्वपूर्ण भूमिका खेलेका थिए । मङ्गलादेवी सिंह, शैलजा आचार्यजस्ता नेत्रीहरूले जेल सजाय भोग्दै प्रजातन्त्र ल्याउन योगदान गरे ।

विसं २०४६ को जनआन्दोलनमा महिलाको सहभागिता निर्णायक रह्यो । विद्यार्थी, गृहिणी, कर्मचारी सबैले सडकमा उत्रिएर बहुदलीय व्यवस्था स्थापनामा हातेमालो गरेका थिए । यस क्रममा कैयौं महिलाले गिरफ्तार र यातना सहनुपरेको थियो । दश वर्षे माओवादी जनयुद्ध ९२०५२-२०६२ साल० मा झण्डै ३०-४० प्रतिशतसम्म महिला प्रत्यक्ष रूपमा सहभागी भए । गाउँघरका साधारण युवतीदेखि शिक्षित महिला नेत्रीसम्मले बन्दुक बोकेर युद्ध मैदानमा उत्रिनु उनीहरूको योगदानलाई अझ विशेष बनाउँछ । तर त्यही युद्धमा हजारौं महिला आन्तरिक रूपमा विस्थापित, विधवा र हिंसापीडित पनि भए ।

दोस्रो जनआन्दोलन २०६२/६३ मा महिलाले अग्रपङ्क्तिमा उभिएर राजतन्त्र अन्त्य र गणतन्त्रको बाटो खुलाउन निर्णायक दबाब सिर्जना गरे । सडक प्रदर्शन, मानव सञ्जाल र पत्रकारितामा महिलाले देखाएको सक्रियता परिवर्तनलाई सफल बनाउन टेवा पुऱ्यायो । यसरी प्रजातन्त्रदेखि गणतन्त्रसम्मको यात्रामा महिलाको सहभागिता र बलिदान अपरिहार्य रहेको छ । तर यी योगदानलाई इतिहासमा उचित स्थान दिन नसकिएको तथ्यले अब पनि हाम्रो समाज र सञ्चारलाई गम्भीर प्रश्न गर्छ । महिलाले पुऱ्याएको योगदानलाई वास्तविक मूल्याङ्कन गर्नु आजको आवश्यकता हो ।

राणा शासनविरुद्धको आन्दोलनमा पुरुषसँगै महिलाले आन्दोलन गरेका थिए । साहना प्रधान, मङ्गलादेवी सिंह यसका जीवन्त इतिहास हुन् । विसं २००७, २०३६ को जनमत सङ्ग्रह नेपालको सबै परिवर्तनको आन्दोलनमा महिला पुरुषसँगै सडकमा उत्रिएर जनतामा चेतना जगाउनेदेखि २०४६ सालको जनआन्दोलनमा विद्यार्थी, शिक्षक, कर्मचारीसँगै साधारण गृहिणीसमेत सडकमा आएको दृश्य अहिले पनि आँखैमा ताजा छन् । हरेक आन्दोलनका क्रममा धेरै महिलाले गिरफ्तार र यातना सहनुपरेको छ । दश वर्षे जनयुद्ध २०५२-२०६२ माओवादी जनयुद्धमा करिब ३०-४० प्रतिशतसम्म महिला सहभागिता रहेको तथ्याङ्कले भन्छ । हजारौं महिलाले बन्दुक बोके, नेतृत्व तहमा भूमिका खेले, युद्धको सङ्ग्राममा सँगै लड्नेदेखि वैचारिक बहसमा उल्लेख्य भूमिका खेले ।

तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा महिला अग्रपङ्क्तिमा थिए । महिलाको योगदान र सङ्घर्ष सडक आन्दोलन, भूमिगत सङ्घर्ष, सङ्गठन निर्माण, प्रचारप्रसार, राजनीतिक नेतृत्व सबै तहमा समान छ तर के यी योगदान र इतिहासलाई हाम्रो सञ्चारमाध्यमले उचित रूपमा सम्मानजनक स्थान दिन सकेको छ त रु अब यी विषयमा गहिरिएर पुनःविचार छलफल गर्दै अब २०८४ सालमा हुन गइरहेको निर्वाचनमा कसरी बढीभन्दा बढी महिलालाई समेट्न सकिन्छ भन्नेतर्फ सञ्चारमाध्यम सचेत हुन जरुरी छ ।

बन्दुक बोकेर १० वर्षे जनयुद्ध ताका काखमा दूधे बच्चा लिएर हिँडेका महिला होस् अथवा सिंहदरबारअघि माइतीघर मण्डलामा उभिएर न्याय मागिरहेकी महिला अथवा संविधान लेखन प्रक्रियामा प्रत्यक्ष/अप्रत्यक्ष भूमिका खेलेका ती तमाम महिलाको भूमिका अविस्मरणीय छ । यी सबै नेपालले प्राप्त गरेका महत्वपूर्ण उपलब्धिहरू हुन् । हिजोको दिनमा महिला आफू माथि भइरहेको अन्यायको विरोधमा एकै शब्द बोल्न सक्दैनथे तर आज अवस्था अर्कै छ । जो विश्वसामु यो देशले भन्न सक्छ मैले महिलालाई राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुखलगायत राज्यका उच्च स्थानमा पुऱ्याउन सफल भएको छ ।  यो महिलाको सरोकारको मुद्दामा देशले हासिल गरेको सफलता हो ।

यति हुँदाहुँदै पनि प्रश्न उठ्छ, माथि उल्लेखित सफल नामहरूको पछि आउन चाहने अन्य नामलाई नेपाली सञ्चार माध्यमले अबको दिनमा कस्तो ढङ्गले उठान गर्ने ?  यसरी हेर्दा महिलाको विषयमा सञ्चार माध्यम अझै संवेदनशील हुन जरुरी छ । त्यसो त लोकतन्त्रमा जनताले आफ्नो मत राख्नु पाउनु अनिवार्य सौन्दर्य हो । तर कुरा जब महिलाको आत्मसम्मान, हक र मानसिक स्वास्थको आउँछ, अझै नेपाली समाज संयम हुन जरुरी छ ।

वर्तमान समय सञ्चारमाध्यम र सामाजिक सञ्जालको प्रभावबाट सबैभन्दा बढी महिला पीडामा छन् । उनीहरूको मानसिक स्वास्थ्यका विषयमा नेपाली मिडियामा गम्भीर रूपले चर्चा भएकै छैन । राजनीतिमा क्रियाशील महिला यी सबै अवस्थाबाट गुज्रिन बाध्य छन् । व्यक्तिको चरित्रसँग गाँसिएर आएका समाचारका कारण राजनीतिक नेतृत्व, सामाजिक जीवनमा असर, मानसिक स्वास्थ्यमा असर समान अवसर गुम्नेजस्ता समस्या हुने गर्दछन् । अझै पनि महिलाका विषयमा केन्द्रित समाचार प्रमुख समाचार हुँदैनन् । आइहाले पनि महिलाको चरित्रसँग गाँसिएका समाचारलाई बढी प्राथमिकतामा राखिन्छ । गलत सूचना र पूर्वाग्रही प्रस्तुतीकरणकै कारण महिलाको छवि कमजोर बनाइएको अवस्था कैयौं छ । उदाहरणका लागि, पहिलो संविधानसभा चुनावपछि महिलाको सक्रिय उपस्थितिलाई 'चुरा बेच्दाबेच्दै सांसद' भन्ने जस्ता समाचार शीर्षकले हल्का तुल्याइयो । यसले महिलाको राजनीतिक छविलाई मात्र नभई आमसमाजमा उनीहरूप्रतिको दृष्टिकोणमा परिवर्तन गर्न महिलाले ठूलो प्रतिस्पर्धा गर्नुपऱ्यो र आजसम्म परिरहेको छ ।

नेपालको संविधान २०७२ सालले ३३ प्रतिशत महिला सहभागिताको प्रावधान गरेको भए पनि प्रत्यक्ष चुनावमा महिलाको सफ्या न्यून नै छ । पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ केबल नौ जना मात्र महिला निर्वाचित भए भने अधिकांश समानुपातिक सूचीबाट आए । यसले के कुरालाई देखाउँछ भने दलहरूले सफ्यात्मक प्रावधान मात्र पूरा गर्न महिलालाई उम्मेदवार बनाएको हो कि झैं लाग्छ । विसं २०८४ मा हुने जाँदै गरेको निर्वाचनमा सबै दलले महिलालाई समान हैसियत, प्रतिस्पर्धी क्षेत्रमा उम्मेदवार बनाउने अवस्था सिर्जना हुनका लागि सञ्चारमाध्यमले अहिलेबाटै समान र सकारात्मक भूमिका खेल्न जरुरी छ ।

आगामी २०८४ को निर्वाचन केबल दल वा उम्मेदवारबीचको प्रतिस्पर्धा मात्र होइन, सूचना र गलत सूचनाबीचको प्रतिस्पर्धा पनि हुनेछ । सामाजिक सञ्जालमार्फत महिलामाथि हुने चरित्र हत्या, अपमानजनक टिप्पणी र झुठो प्रचार अझ बढ्ने सङ्केत देखिन्छ । यसको रोकथामको निम्ति पनि सक्रिय व्यक्ति दल सङ्घसंस्था नागरिक समाज सबै सरोकार निकाय सचेत हुन जरुरी छ । महिलालाई उमेदवार बनाउँदा केबल कोटा भर्ने सोचबाट होइन, हिजोको दिनमा गणतन्त्रका निम्ति आआफ्नो तहबाट पुऱ्याएको योगदानका आधारमा योग्य नेत्रीलाई अगाडि ल्याउन सबै राजनीतिक पार्टीहरूको सकारात्मक भूमिका हुन जरुरी छ ।

महिलाको विकासका निम्ति सही उपाय भनेकै तथ्यमा रहेर सही सूचना प्रवाह गर्नु हो । गलत सूचनाबाट उत्पन्न हुने मानसिक र सामाजिक हिंसाप्रति सजग हुनुपर्छ । विसं २०८४ को निर्वाचन केबल मतको प्रतिस्पर्धा होइन, सत्य र असत्यबीचको सङ्घर्ष पनि हो । यस सङ्घर्षमा सञ्चार गृह, दल, नागरिक समाज र हरेक नागरिक जिम्मेवार बन्न जरुरी छ ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।



**केयूको दीक्षान्त** | काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय (केयू)को ३१औं दीक्षान्त समारोह (पहिलो चरण)को कार्यक्रममा सहभागी दीक्षित विद्यार्थी ।
*तस्बिरः पेमा लामा/रासस*

# ताराखोलाका तीन प्रयोगशाला प्रयोगविहीन

**गलकोट (बागलुङ)**– बागलुङको ताराखोला गाउँपालिकाका तीन प्रयोगशाला प्रयोगविहीन बनेका छन् । गाउँपालिकाले नागरिकलाई सहज स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापना गरेका प्रयोगशाला गत साउनयता जनशक्ति अभावमा सञ्चालनमा आउन सकेका छैनन् ।

हिल, अर्गल र अमरभूमि स्वास्थ्यचौकीमा स्थापित प्रयोगशालामा प्रयोगशाला सहायक कर्मचारी नियुक्ति गर्न नसक्दा सञ्चालनमा आउन नसकेको गाउँपालिकाले जनाएको छ । चार वर्षदेखि सञ्चालनमा आएका तीन प्रयोशालाका लागि आवश्यक उपकरण भए पनि जनशक्ति नहुँदा नागरिकले सेवा लिन पाएका छैनन् ।

स्वास्थ्यचौकीमा प्रयोगशाला स्थापना हुँदा रगत, दिसा, पिसाबलगायत परीक्षणमा सहजता हुनुका साथै शीघ्र रोगको पहिचान र निदानमा सहयोग पुग्ने गरेको ताराखोला–३ हिल स्वास्थ्यचौकीकी अनमी कोपिला विकले बताइन् । अहिले प्रयोगशाला सञ्चालनमा नआउँदा सेवा प्रभावित बनेको उनको भनाइ छ ।

उनले जनशक्ति अभावमा प्रयोगशाला र भिडियो एक्सरे सेवा दिन नसक्दा बिरामीलाई गलकोट नगर अस्पताल तथा अन्यत्र पठाउनुपर्ने बाध्यता रहेको बताइन् । आकस्मिक सेवाका लागि प्रयोगशालाबाट परीक्षण गर्नुपरेमा ताराखोला स्वास्थ्यचौकीबाट ल्याब असिस्टेन्ट बोलाएर गर्ने गरिएको विकले जानकारी दिइन् । उनका अनुसार तालिमप्राप्त जनशक्ति सरुवा भएपछि गर्भवतीका लागि गरिने भिडियो एक्सरे सेवासमेत हिल स्वास्थ्यचौकीले प्रदान गर्न सकेको छैन ।

यस स्वास्थ्यचौकीबाट गत वर्ष ७०० बिरामीले सेवा लिएका थिए भने ११ जना संस्थागत सुत्केरी भएका थिए । चालु आर्थिक वर्षमा पाँच जनाले संस्थागत सुत्केरी सेवा लिइसकेका अनमी विकले जानकारी दिइन् । 'गाउँपालिकाले ल्याब असिस्टेन्ट पठाउन नसक्दा प्रयोगशालाबाट प्रवाह हुँदै आएका सेवा ठप्प भएका छन् । सोही कारणले यहाँ आउने बिरामीलाई अन्यत्र पठाउनुपर्ने बाध्यता छ,' उनले भनिन्, 'यहाँबाट हामीले अन्य सेवा प्रभावकारीरूपमा दिए पनि रोग पहिचानका लागि प्रयोगशाला आवश्यक पर्दछ । प्राविधिक जनशक्ति नहुँदा समस्या भएको छ, गाउँपालिकालाई प्रयोगशाला सहायक कर्मचारी पठाउन आग्रह गरेका छौं ।'

हिलसँगै अर्गल र अमरभूमि स्वास्थ्यचौकीका प्रयोगशाला पनि कर्मचारी अभावमा सञ्चालनमा आउन सकेका छैनन् । वडा नं ५ ताराखोला स्वास्थ्यचौकीमा मात्रै प्रयोगशाला सञ्चालनमा आएको ताराखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख उदित थापाले जानकारी दिए । उनका अनुसार गाउँपालिकाले साउनयता प्राविधिक जनशक्ति नियुक्ति गर्न नसक्दा गाउँपालिकामा रहेका चारमध्ये तीन वटा प्रयोगशाला ठप्प भएका छन् ।

गाउँपालिकाले स्वास्थ्यचौकीबाट अतिरिक्त स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यले प्रयोगशाला स्थापना गरे पनि महालेखापरीक्षकको कार्यालयले स्रोत तथा संगठन व्यवस्थापनको मूल्यांकन नगरी प्रयोगशाला सहायक कर्मचारी राखेको भन्दै करारमा कर्मचारी नराख्न भनेपछि समस्या भएको स्वास्थ्य शाखा प्रमुख थापाले उल्लेख गरे । *रासस*

# बाँकेमा अश्वपालक महिलालाई तीन महिनाको सीपमूलक तालिम

**जानकी (बाँके)**– 'सीप सिकौं, स्वरोजगार बनौं' भन्ने मूल नाराका साथ बाँकेमा अश्वपालक महिलाका लागि तीन महिनाको सीपमूलक तालिम औपचारिकरूपमा सुरु गरिएको छ ।

पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा बाँकेको आयोजना तथा गोरखनाथ ट्रेनिङ सेन्टर प्रालिको प्रविधिक सहयोगमा सञ्चालन भइरहेको यो तालिमले घोडा, खच्चड, गधालगायतका अश्वजन्य पशुपालनमा संलग्न महिलालाई सिलाइ–कटाइ र बुनाइको व्यावसायिक सीप प्रदान गर्ने उद्देश्य राखेको छ ।

भेरी प्राविधिक शिक्षालय प्रमुख आशा श्रेष्ठले नेपाल सरकारले देशभर महिलालाई आत्मनिर्भर बनाउन सीपमूलक तालिमलाई अत्यधिक प्राथमिकताका साथ लागू गरिरहेको बताइन् । उनले बाँकेमा पनि विशेष गरेर मधेसी र मुस्लिम समुदायका महिला तथा किशोरीलाई सीपमा सक्षम बनाउन नेपाल सरकारले धेरै प्रभावकारी तालिमको आयोजना गरेको जानकारी दिइन् ।

'यस किसिमका तालिम केवल सीप प्रदान गर्ने कार्यमात्र नभई महिलालाई आत्मविश्वासी र आर्थिकरूपमा सक्षम बनाउँदछ,' उनले भनिन्, 'नेपाल सरकारले महिला उद्यमशीलता प्रवर्द्धनलाई राष्ट्रिय अभियानका रूपमा अघि बढाएको छ, तपाईंहरूले यो तालिम पूरा गरेपछि सरकारले उपलब्ध गराइरहेका विभिन्न सहुलियतपूर्ण कर्जा सुविधा, समूह उद्यम स्थापनाका अनुदान, उपकरण सहयोग र बजार पहुँच कार्यक्रमबाट प्रत्यक्ष लाभ लिन सक्नुहुन्छ ।'

परियोजना संयोजक डा. सुदर्शन भट्टराईले पशुपालक समुदायका महिलाको वास्तविक आवश्यकता पहिचान गरेर तालिम सुरु गरिएको बताए । 'अश्वपालक परिवारमा पुरुष प्रायः दिनभर घोडा र खच्चड लिएर बाहिर काममा निस्किन्छन्, घरमा बस्ने महिलासँग सीप नहुँदा उनीहरू आर्थिक गतिविधिबाट टाढिन बाध्य छन्, यो तालिमले उनीहरूलाई सीपसम्पन्न बनाएर स्वरोजगारतर्फ अघि बढाउने छ,' उनले भने, 'तपाईंहरूले यहाँ उपस्थित भएर सीप सिक्ने प्रतिबद्धता देखाउनु नै ठूलो उपलब्धि हो, हामीले न केवल सीप सिकाउँछौं, आवश्यक परे स्वरोजगार स्थापना गर्न पनि मार्गदर्शन र अवसर प्रदान गर्छौं ।' *रासस*


## Diprung Chuichumma Rural Municipality

**Office of the Rural Municipal Executive**

**Yangsolatar, Khotang**

**Koshi Province, Nepal**

## Invitation for Bids

**First Date of publication: 2082/08/25 (11 December, 2025)**

1. Diprung Chuichumma Rural Municipality invites electronic bids from eligible domestic bidders for the contracts named below:-

| S.N. | Contract Identification Number | Work Description/ Name of Project | Estimated Cost (NRs) (Incl. VAT & PS) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | DCRM/ WORKS/NCB-03/2082/83 | Upgrading of Bhandare Khisakha Plus Two Sadak (2nd Part) | NRs. 43,63,890.93 | NRs.90,000 | 120 days | NRs.3,000 |

2. Bidding Document is available online and can be downloaded from e-GP: *http://www.bolpatra.gov.np/egp*. Interested bidder should register in the e-GP system and deposit the required amounts in the following specified bank account: -
   **Name of Bank: Sanima Bank, Diprung Branch**
   **A/C No:071010040000014 (Diprung Chuichumma Ga.Pa.Ga.1.1 Antarik Rajashwo Khata) for bid document fee.**
   **A/C No:071010020000020 (Diprung Chuichumma Ga.Pa.Ga.3.1 Sthaniya Taha Dharouti Khata) for bid security fee.**
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp before 12:00 PM on 2082/09/28. The bids will be opened in the presence of Bidders' representatives (if attended) who choose to attend at 2082/09/28 at 1:00 pm.
4. If the last date of purchasing /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**बिराटनगर, मोरङ**

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२५**

यस अस्पताललाई आवस्यक तपशिल बमोजिमको विद्युतीय बोलपत्र आह्वान गरिएकोछ । बोलपत्र सम्बन्धी विस्तृत विवरण सार्वजानिक खरिद अनुगमनको कार्यालयको website: www.bolpatra.gov.np/egp बाट जानकारी लिन सकिनेछ ।

तपशिलः

| बोलपत्र | बोलपत्र को नाम | बोलपत्र जमानत रू. | बोलपत्र शूल्क | बोलपत्रको प्रकार |
|---|---|---|---|---|
| KH/NCB/ M-08/ 2082-83 | Supply and Delivery of Medicine & Related goods for Hospital Pharmacy & Hospital use | 2435,000.00 | 10000.00 | Item wise |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेट**



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल मंसिर महिना २५ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय नेपालगञ्जबाट तपशिलमा उल्लेखित ऋणीहरुले प्रोफेशनल कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| |
|---|
| **१) ऋणीको विवरण** |
| पराश्वर उपाध्यायको नाति तारा केशर उपाध्यायको छोरा बाँके जिल्ला नेपालगंज वडा नं. १२ हाल, नेपालगञ्ज उ.म.न.पा. वडा नं. १२ बस्ने **महेन्द्र उपाध्याय** (ना.प्र.नं. : ६६१०१९/६७७ जारी मिति र जिल्ला : २०६५/०२/२६, बाँके) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) पराश्वर उपाध्यायको नाति तारा केशर उपाध्यायको छोरा बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. १२ बस्ने **हरि उपाध्याय** (ना.प्र.नं. : ६६-०१-७३-०१८४१ जारी मिति र जिल्ला : २०७३/०३/१६, बाँके) |
| २) प्रेम राज शर्माको नाति महेन्द्र कुमार शर्माको छोरा बाँके जिल्ला रझेना वडा नं. ४ हाल, कोहलपुर नं.पा. वडा नं. २ बस्ने **निर्मल आचार्य** (ना.प्र.नं. : ६६१०१४/१८६५ जारी मिति र जिल्ला : २०६८/०४/२३, बाँके) |
| **२) ऋणीको विवरण** |
| पराश्वर उपाध्यायको नाति तारा केशर उपाध्यायको छोरा बाँके जिल्ला नेपालगंज वडा नं. १२ हाल, नेपालगंज उ.म.न.पा. वडा नं. १२ बस्ने **महेन्द्र उपाध्याय** (ना.प्र.नं. : ६६१०१९/६७७ जारी मिति र जिल्ला : २०६५/०२/२६, बाँके) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) लाल प्रसाद उपाध्यायको नाति पराश्वर उपाध्यायको छोरा बाँके जिल्ला नेपालगञ्ज न.पा. वडा नं. १२ हाल, नेपालगञ्ज उ.म.न.पा. वडा नं. १२ बस्ने **तारा केशर उपाध्याय** (ना.प्र.नं. : ६/६/४/०/१०१३/१६४२२ जारी मिति र जिल्ला : २०३६/०८/०३, बाँके) |
| २) पराश्वर उपाध्यायको नाति तारा केशर उपाध्यायको छोरा बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. १२ बस्ने **हरि उपाध्याय** (ना.प्र.नं. : ६६-०१-७३-०१८४१ जारी मिति र जिल्ला : २०७३/०३/१६, बाँके) |
| ३) प्रेम राज शर्माको नाति महेन्द्र कुमार शर्माको छोरा बाँके जिल्ला रझेना वडा नं. ४ हाल, कोहलपुर नं.पा. वडा नं. २ बस्ने **निर्मल आचार्य** (ना.प्र.नं. : ६६१०१४/१८६५ जारी मिति र जिल्ला : २०६८/०४/२३, बाँके) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**

प्रभाव दैनिक

बिहीबार, २५ मंसिर २०८२ (Thursday, 11 December 2025)

रूपशाला

## फागुन १५ देखि 'प्रवासी जीवन'

महानायक राजेश हमाल अभिनित चलचित्र 'प्रवासी जीवन' आगामी फागुन १५ देखि नेपालभर प्रदर्शन हुने भएको छ । नेपालबाट आफ्नो उज्ज्वल भविष्य र स्थायित्वका लागि संयुक्त राज्य अमेरिका पुगेका नेपालीले त्यहाँ गर्नुपर्ने संघर्षसहितको प्रवासी जीवनको कथा बोकेको उक्त फिल्मलाई श्याम क्षेत्री र राम अधिकारीले संयुक्तरूपमा निर्देशन गरेका छन् । प्रवासीहरूको सुख दुःख, आरोह अवरोह र चुनौतीहरूलाई मुख्य विषयवस्तु बनाएर फिल्म तयार गरिएको निर्देशकमध्येका एक क्षेत्रीले बताए । चलचित्रमा हमालसँगै सरिता लामिछाने, बुद्धि तामाङ, महादेव अधिकारी, एञ्जेला बस्नेतलगायतको अभिनय रहेको छ ।




# चलचित्र परानले गऱ्यो करिब १७ करोडको व्यापार




काठमाडौं (प्रस)- पछिल्लो समय एकपछि एक नेपाली चलचित्रले राम्रो व्यापार गर्न थालेका छन् । गत वर्ष पूर्णबहादुरको सारंगीले एतिहासिक व्यापार गरेपछि नेपाली चलचित्रको व्यापार राम्रो हुँदै गएको छ ।

कुनै समय लगानी पनि उठाउन गाह्रो हुने अवस्थाबाट नेपाली चलचित्रले राम्रो व्यापार गर्न थालेको जानकार बताउँछन् । चलचित्र विकास बोर्डअन्तर्गत रहेको 'बक्सअफिस एटदरेट सिनेपाः'ले सार्वजनिक गरेको यही मंसिर २० गतेसम्मको तथ्यांकअनुसार चलचित्र परानले करिब १७ करोड रूपैयाँको व्यापार गरेको छ ।

गत कात्तिक १४ गतेदेखि प्रदर्शनरत उक्त चलचित्रले घरेलु बजारमा १६ करोड ९७ लाख ९३ हजार रूपैयाँको व्यापार गरेको छ । बसाइँसराइ र पारिवारिक कथामा तयार भएको उक्त चलचित्रलाई दीपकप्रसाद आचार्यले निर्देशन गरेका हुन् ।

'चलचित्र परानलाई दर्शकले आफैंले हेर्नुस् भनेर सिफारिस गरेको पाएका छौं, बुबाछोराको कथालाई धेरै दर्शकले आफूसँग जोडेर प्रतिक्रिया दिनुभएको छ, यो हाम्रै समाजको कथा हो,' निर्देशक आचार्यले भने । नीर शाह, मदनकृष्ण श्रेष्ठजस्ता दिग्गज अभिनेताले अभिनय गरेको उक्त चलचित्रका लागि हालसम्म पाँच लाख ९८ हजार ३०९ वटा टिकट बिक्री भएका छन् । चलचित्रमा केकी अधिकारी, महेश त्रिपाठी, पूजा चन्द, अञ्जना बराइलीलगायतका कलाकारले अभिनय गरेका छन् ।

यसैगरी गत असोज ३१ गतेदेखि प्रदर्शनमा आएका चलचित्र 'जेरी अन टप' ले तीन लाख ९१ हजार ९९२ वटा टिकट बिक्री गर्दै १२ करोड २६ लाख छ हजार रूपैयाँको व्यापार गरेको छ ।

अभिनेता अनमोल केसी, आँचल शर्मा, जसिता गुरुङ, भुवन केसी, केदार घिमिरे र उषा खड्गीलगायतका कलाकारले अभिनय गरेको उक्त चलचित्रलाई सुयोग गुरुङले निर्देशन गरेको छ । सगरमाथा आरोहण र प्रेम कथामा आधारित उक्त चलचित्रलाई सरोज न्यौपानेले निर्माण गरेका हुन् ।

कवि उपेन्द्र सुब्बाले निर्देशन गरेको चलचित्र 'जारी २: सङ अफ च्याब्रुङ' ले दुई लाख सात हजार ७१४ टिकट बिक्री गरी छ करोड २३ लाख ६९ हजार रूपैयाँको व्यापार गरेको छ । दयाहाङ राई, मिरुना मगर, ऋचा शर्मा, प्रेम सुब्बा, पुस्कर गुरुङलगायतका कलाकारले अभिनय गरेको उक्त चलचित्रमा लिम्बू समुदायको जारी परम्परा र च्याब्रुङको कथालाई मिसाएर पटकथा तयार गरिएको छ । यो चलचित्र गत कात्तिक २१ गतेदेखि प्रदर्शनरत छ ।

बाल गायकका रूपमा परिचित भएका अशोक दर्जीको जीवनीमा आधारित रहेर तयार गरिएको चलचित्र 'मनविनाको धन' ले सोही अवधिसम्म तीन करोड ७९ लाख दुई हजार रूपैयाँको व्यापार गरेको छ ।

टंक बुढाथोकीले निर्देशन गरेको उक्त चलचित्रका लागि हालसम्म एक लाख ४५ हजार ५९ वटा टिकट बिक्री भएका छन् । गत कात्तिक २१ गतेदेखि प्रदर्शनमा आएको चलचित्रमा गायक दर्जीसँगै नीता ढुंगाना, सरोज खनाल, एआर बुढाथोकीलगायतका कलाकारले अभिनय गरेका छन् ।

यही मंसिर १२ गतेदेखि प्रदर्शनरत चलचित्र 'हर्ष'ले गत शनिबारसम्म घरेलु बजारमा २८ लाख दुई हजार रूपैयाँको व्यापार गरेको छ । एकता पौडेलले निर्देशन गरेको उक्त चलचित्रका लागि आठ हजार ४३६ वटा टिकट बिक्री भएका छन् । चलचित्रमा खगेन्द्र लामिछाने, वर्षा राउत, साइमन वादी, नीर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडीलगायत कलाकारले अभिनय गरेका छन् ।

## 'भारतीय कलावंत सम्मान' मा नेपाली कलाकारको जित



**काठमाडौं-** भारतको रायपुरस्थित गोविन्द लीला कला कौशल संस्थाद्वारा आयोजित 'कलावंत सम्मान-२०२५' भारतनाटचम् प्रतियोगितामा नेपालका तीन कलाकारले जित हात पारेका छन् ।

प्रतियोगिता मंसिर २१ गते आयोजना भएको थियो । ललितपुरको सुन्धारास्थित क्लासिक कल्चर सेन्टरबाट सहभागी सवजुनियर समूह (६-१० वर्ष)मा सात वर्षीय विभाषस्वरूप रघुवंशी, जुनियर समूह (११-१५ वर्ष) का १३ वर्षीया पंलेस्वा रघुवंशी र सिनियर समूह (१६-२० वर्ष) मा १६ वर्षीया सदीक्षा पौडेलले जितेका हुन् ।

सवजुनियर विजेता विभाष एसयमजी स्कुल कक्षा २ का विद्यार्थी हुन् । उनी पाँच वर्षको उमेरदेखि भरतनाटचम् साधनामा सक्रिय छन् । उनले अहिलेसम्म २० भन्दा बढी मञ्चमा प्रस्तुति गरिसकेका छन् । जुनियर विजेता पंलेस्वा नेसनल युनाइटेड स्कुलमा कक्षा ९ मा अध्ययनरत छिन् । आठ वर्षदेखि नृत्ययात्रामा सक्रिय रहँदै नेपाल तथा भारतका विभिन्न राष्ट्रिय मञ्चमा उत्कृष्ट प्रस्तुति गर्दै आएकी छन् ।

सिनियर विजेता सदीक्षा हिमालयन ह्वाइट हाउस इन्टरनेसनल कलेजमा कक्षा ११ मा अध्ययनरत छिन् । उनले निरन्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा प्रभावशाली प्रस्तुति गर्दै नृत्यलाई उचाइमा पुऱ्याउँदै आएकी छन् । प्रतियोगितामा नृत्यसँगै गायन, वादन तथा चित्रकलाकोसमेत समावेश थियो । अन्तिम मूल्यांकनमा तीनै नेपाली कलाकारले सर्वाधिक अंक प्राप्त गर्दै 'कलावंत सम्मान २०२५' हासिल गरेका हुन् ।

गोविन्द लीला कला कौशल संस्थाका सचिव गुरुकिरण साहूले नेपालमा भारतनाटचम् नृत्यको तीव्र विकासले आफूहरू प्रभावित भएको बताएका छन् । कार्यक्रम संयोजक सारिका शर्माले नेपालका कलाकार हरूको प्रस्तुति उल्लेखनीय रहेको बताइन् । *रासस*

रंगशाला

# धुलोमै खेल्छन् खेलाडी, धुलोमै बस्छन् दर्शक

**गलकोट (बागलुङ)-** बागलुङ नगरपालिका-१ रामरेखास्थित बांगेचौर खेलमैदानमा मंसिर लागेपछि गतिविधि बढेको छ । विद्यालयस्तरीय साना खेल होस वा यहाँ आयोजना हुने ठूला राशिका खेल हुन् सबै यही मैदानमा हुन्छ ।

हालै बागलुङ नगरपालिकाको तेस्रो मेयरकप प्रतियागिता यही मैदानमा भयो । तत्कालै बागलुङ नगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्डदेखि जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डसम्म यही खेल मैदानमा आयोजना गर्न थालिएको छ ।

यसपटक गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका केही खेल यही खेल मैदानमा हुने तयारी छ । तर यसरी उत्साह पूर्णरूपमा प्रतियोगिता आयोजना भइरहेको मैदान भने खेलाडी र दर्शकमैत्री छैन । बर्खामा हिलाम्मे खेलमैदान हिउँदमा धुलाम्मे हुन्छ । न हरियाली छ न व्यवस्थित प्याराफिट । खेलाडी धुलोमै खेल्छन्, दर्शक धुलोमै बसेर हेर्न बाध्य भएका छन् ।

खेल अगाडि छर्केको पानी क्षणभरमै सुक्ने गरेको छ । धुलो उडेर खेल प्रभावित हुने गरेको खेलाडीको गुनासो छ । जिल्लाकै ठूलो खेलमैदानका रूपमा रहेको बांगेचौर खेलमैदान पूर्वाधारको अभावका बीच खेल सञ्चालन गर्न बाध्य रहँदै आएको छ । बागलुङ नगरपालिकाले तीन लाख ३३ हजार रूपैयाँ पुरस्कार राशिको तेस्रो मेयरकप मंसिर १४ देखि १८ गतेसम्म सम्पन्न भएको थियो ।

सयौं दर्शकको बीचमा सञ्चालनमा आएको खेलमा खेलाडीको उत्साह र दर्शकको हौसलामा कमी नभएको मेयरकपमा दर्शकहरू मैदानको भित्ता, रुख र चौतारीमा बसेर हेर्न बाध्य भएका थिए । लेबल नमिलेको मैदानमा धुलो उडेका कारण खेलाडीलाई खेल खेल्न सास्ती भए पनि सबै कुरा बिर्सेर खेलाडी गोल गर्न मात्रै केन्द्रित हुने मेयर कपको उपाधि चुमेका कप्तान निसान थापा बताउँछन् ।

'खेलाडीका लागि समथर हरियाली मैदान भए कति सहज हुन्थ्यो, मैदानमा धुलोको हुँदैन गोल गर्न हाम्रो ध्यान केन्द्रित हुन्छ, तर खेल सकिएपछि धुलोका कारण श्वासप्रश्वासमा समस्या देखिने, आँखा पोल्ने हुन्छ,' थापाले भने, 'दर्शक धुलोमै बसेर खेल हेरेका हुन्छन्, दमकलको पानीले धुलो मारे पनि केही छिनमै धुलो उडिहाल्छ, भनेको ठाउँमा बल नजाँदा कतिपय गोल गर्न नसकिएको उदाहरण छ, कम्तीमा मैदान समथर र हरियाली मात्रै भए खेलाडीलाई ठूलो राहत हुन्थ्यो ।' बांगेचौरलाई रंगाशाला बनाउने योजना 'डिपिआर'मै थन्किएको छ । थापाले खेलमैदानमा पानी नहाली खेल्ने हो भने धुलोले खेलाडी नै नचिनिने अवस्था रहेको सुनाए ।

खेलमैदानमा खानेपानी, शौचालय र पोसाक परिवर्तन गर्ने कोठा छैन । बागलुङ नगरपालिकाका नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बांगेचौर खेलमैदान जिल्लाकै गहना भएको बताउँदै बांगेचौरको स्तरोन्नतिका सपना अझै पूरा गर्न नसकिएको बताए । उनले खेलमैदान सामुदायिक वनसँग जोडिएकाले पूर्वाधार निर्माण गर्न समस्या भएको बताए । *रासस*

## चार वर्षपछि 'कभर्ड हल' निर्माण थालियो

**कैलाली (प्रस)-** शिलान्यास भएको चार वर्षपछि टीकापुर नगरपालिकामा 'इण्डोर गेम्स' सञ्चालन गर्न कभर्ड हल निर्माण प्रारम्भ भएको छ ।

स्थानीय वीरेन्द्र विद्या मन्दिरको खेल मैदानमा दुई करोड ६४ लाख ५० हजार रूपैयाँको लागतमा कभर्ड हल निर्माण प्रारम्भ भएको हो । एक हजार दर्शक क्षमताको ६६ मिटर लामो, ३१ मिटर चौडा र ९.७५ मिटर अग्लो बहुद्देश्यीय कभर्ड हल नगरपालिकाका इञ्जिनियर राजेन्द्र रावलले बताए ।

आगामी भदौभित्रमा निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ धमाधम निर्माण जारी छ । निर्माण पूरा भएपछि हल व्यवस्थापनको जिम्मेवारी विद्यालयलाई दिइने इञ्जिनियर राजेन्द्र दिए ।

एनपिएल क्रिकेट

# लुम्बिनी दोस्रो क्वालिफायरमा प्रवेश, काठमाडौं बाहिरियो

■ प्रभाव संवाददाता

**काठमाडौं-** लुम्बिनी लायन्स नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो क्वालिफायरमा प्रवेश गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा बुधबार सम्पन्न इलिमिनेटर खेलमा काठमाडौं गोर्खाजलाई चार विकेटले हराउँदै लुम्बिनी क्वालिफायरमा प्रवेश गरेको हो । काठमाडौं भने बाहिरिएको छ ।

जितका लागि पाएको ११२ रनको लक्ष्य लुम्बिनीले १७.४ ओभरमा छ विकेटको क्षतिमा भेट्टायो । जसमा डार्सी सर्टले सर्वाधिक ३३ रनको योगदान गरे । काठमाडौंका सन्तोष यादवले दुई विकेट लिए ।

यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको काठमाडौंले १९.१ ओभरमा सबै विकेट गुमाउँदै १११ रनमा समेटियो । काठमाडौंका लागि सन्तोष यादवले सर्वाधिक २३ रनको योगदान दिए । उनले १७ बलमा एक छक्काको सहयोगमा २३ रन जोडेका हुन् । त्यसैगरी, जोन सिमसन र मोहमद आदिल आलमले समान १८/१८ रन जोडे भने भीम सार्कीले १४ रन बनाए । कप्तान करण केसी नौ रनमा आउट भए ।



काठमाडौंलाई सस्तैमा समेट्ने क्रममा लुम्बिनीका शेर मल्ल र कप्तान रोहित पौडेलले समान तीन/तीन विकेट लिए । यस्तै ट्रम्पलम्यानले दुई विकेट लिए । अभिशेष गौतमले एक विकेट झारे । लुम्बिनीले अब विराटनगर किंग्ससँग दोस्रो क्वालिफायरमा प्रतिस्पर्धा गर्ने छ । दोस्रो क्वालिफायरको विजेताले फाइनलमा मंसिर २७ गते सुदूरपश्चिम रोयल्ससँग खेल्ने छ ।



रुसको मस्कोमा मंगलबार नयाँ वर्षका लागि गरिएको सजावटमा कुकुर समातेर तस्विर लिँदै एक व्यक्ति । *तस्विरः एपी*

# अमेरिकाले जनवरीयता रद्द गऱ्यो ८५ हजार भिसा

**वासिङ्टन डिसी–** अमेरिकी विदेश विभागले आप्रवासन नियम र सीमा सुरक्षामा कडाइ गरेपछि सन् २०२५ जनवरीदेखि ८५ हजार भिसा रद्द गरेको घोषणा गरेको छ। सामाजिक सञ्जाल एक्समार्फत विदेश विभागले कडा आप्रवासन निरीक्षणका लागि ट्रम्प प्रशासनको निरन्तर प्रतिबद्धतालाई जोड दिँदै यस्तो घोषणा गरेका जनाएको छ।

घोषणाको साथमा राष्ट्रपति डोनाल्ड ट्रम्पको तस्बिर 'अमेरिकालाई फेरि सुरक्षित बनाउनुहोस्' भन्ने शब्दहरूसहित राखिएको थियो, जसले कडा भिसा नियमन राष्ट्रिय सुरक्षा प्रयासहरूको केन्द्रबिन्दु हो भन्ने प्रशासनको तर्कलाई बलियो बनाएको छ।

भिसा प्रणालीमा भएको कडाइलाई प्रस्ट पार्दै विदेश विभागका एक वरिष्ठ अधिकारीले रद्द गरिएका भिसामध्ये आठ हजारभन्दा बढी विद्यार्थीहरूको रहेको खुलासा गरेका छन् । असुरक्षित गाडी चलाउनु, चोरी र आक्रमणजस्ता अपराधहरूका कारणहरू पहिचान गरी गत वर्ष अधिकांश भिसा रद्द गरेको अधिकारीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ । विभागको विगतका स्पष्टीकरणहरूमा भिसा म्याद सकिने र आतंकवादलाई समर्थनलगायतका कारणहरूले भिसा रद्द गरिएको जनाइएको छ।

गाजा द्वन्द्वसँग सम्बन्धित विरोध प्रदर्शनमा भाग लिने अन्तर्राष्ट्रिय विद्यार्थीहरू पनि त्यस्तै गरी कडा छानविनमा परेको जनाइएको छ । यो कार्यले गत अगस्टमा उल्लिखित विभागको योजनाअनुरूप भएको र वैध अमेरिकी भिसा भएका पाँच करोड ५० लाखभन्दा बढी विदेशीहरूका लागि 'निरन्तर जाँच' प्रणाली लागू गर्न र देशमा बस्ने व्यक्तिहरूलाई निगरानी गर्ने उद्देश्यलाई कार्यान्वयन गरेको जनाइएको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालमा विदेश विभागले भिसा आवेदनहरूको समीक्षा र भिसा भएकाहरूको अनुगमनका लागि आफ्नो मापदण्ड विस्तार गरेको छ। प्रशासनले 'एच-१ बी' आवेदकहरूको जाँच पनि बढाएको छ, जुन विशेष विदेशी प्रतिभा खोज्ने अमेरिकी रोजगारदाताहरूका लागि एक प्रमुख कार्यक्रम हो। विस्तारित भिसा रद्द, तीव्र जाँच र फराकिलो छानविनले आप्रवासन नियन्त्रणलाई कडा बनाइ आप्रवासीहरूबीचमा भएको उल्लंघनलाई थप चुस्त दुरुस्त बनाउने प्रशासनको व्यापक दबाबलाई चित्रण गर्दछ। *रासस/एएनआई*

## श्रीलंकामा विपद्बाट प्रभावित बालबालिकाका लागि विशेष कार्यक्रमको घोषणा

**कोलम्बो–** श्रीलंकाको महिला तथा बालबालिका मन्त्रालयले विनासकारी चक्रवातले निम्त्याएको बाढी र पहिरोबाट प्रभावित बालबालिकाको सुरक्षाका लागि विशेष कार्यक्रमको घोषणा गरेको छ ।

महिला तथा बालबालिका उपमन्त्री नमल सुदर्शनले देशव्यापीरूपमा एक लाखभन्दा बढी बालबालिका गम्भीररूपमा प्रभावित भएको जनाउँदै सबैभन्दा बढी पुत्तलम जिल्लामा ४३ हजार बालबालिका प्रभावित भएको बताएका छन् ।

प्रभावित बालबालिकाका लागि सहायता कार्यक्रम विकास गर्न सरकारले डिसेम्बर ११-१२ मा अन्तर्राष्ट्रिय बाल कोषसँग पनि छलफल गर्ने उनले बताएका छन् । बैठकपछि मन्त्रालय र अन्तर्राष्ट्रिय साझेदारहरूले विपद् प्रभावित क्षेत्रमा बाल संरक्षण संयन्त्रलाई बलियो बनाउन संयुक्त पहल गर्ने अपेक्षा गरिएको उनले बताएका छन् । *रासस/सिन्ह्वा*

## चीनको आवासीय भवनमा आगलागी, १२ जनाको मृत्यु



**बेइजिङ–** दक्षिणी चीनको आवासीय भवनमा आगलागी हुँदा १२ जनाको मृत्यु भएको चिनियाँ सरकारी मिडियाले बुधबार जनाएको छ ।

गुआङडोङ प्रान्तको सान्टौमा रहेको चारतले भवनमा मंगलबार राति ९:२० बजे सुरु भएको आगलागी राति १०:०० बजेपछि नियन्त्रणमा लिएको स्थानीय अग्निशमन विभागले विज्ञप्तिमार्फत जनाएको छ । यसअघि गुआङडोङ र हङकङका आवासीय टावरहरूमा ठूलो आगलागी हुँदा १६० जनाको मृत्यु भएको थियो।

आगोले भवनको १५० वर्ग मिटर क्षेत्रलाई असर गरेको जनाउँदै चाओनान जिल्ला फायर एण्ड रेस्क्यु टोलीले आगलागीको कारण अनुसन्धान तथा र व्यवस्थापनको कार्य भइरहेको बताएको छ। यसअघि बुधबार बिहानको प्रारम्भिक रिपोर्टमा आठ जनाको मृत्यु भएको र चार घाइतेलाई अस्पताल लगिएको जनाइएको थियो । यो समाचार तयार पार्दासम्म चिनियाँ सरकारी समाचार एजेन्सी सिन्ह्वाले १२ जनाको मृत्यु भएको बताएको छ। गत महिना हङकङमा आगलागी भएपछि चीनले अग्ला भवनहरूमा आगोको खतराविरुद्ध अभियानसमेत चलाएको छ। *रासस/एएफपी*

## बंगलादेशमा सन् २०२५ मा डेंगुका कारण ४०० भन्दा बढीको मृत्यु

**ढाका–** बंगलादेशमा डेंगुको प्रकोपका कारण यस वर्षमा अहिलेसम्म ४०१ जनाको ज्यान गएको बंगलादेशको स्वास्थ्य विभागको तथ्यांकले बुधबार देखाएको छ ।

स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा महानिर्देशनालय (डिजिएचएस)ले जारी गरेको तथ्यांकअनुसार दक्षिण एसियाली मुलुक बंगलादेशमा जनवरीदेखि डेंगु ज्वरोका संक्रमितको संख्या ९८ हजार ७०५ पुगेको छ। बंगलादेशमा पछिल्लो २४ घण्टामा थप तीन जनाको मृत्यु भएको र थप ४२१ जनालाई डेंगु संक्रमण भएको रेकर्ड गरेको जनाइएको छ।

डिजिएचएसका अनुसार डेंगुका कारण मृत्यु हुनेको संख्या ४०१ नागेको छ, जसमा डिसेम्बरमा १९ र नोभेम्बरमा १०४ र अक्टोबरमा ८० जनाको मृत्यु भएको छ । नोभेम्बरमा २४ हजार ५३५ जनालाई नयाँ संक्रमण भएकोमा डिसेम्बरमा अहिलेसम्म चार हजार ३०८ जना संक्रमित भेटिएको जनाइएको छ ।

तीव्र डेंगु संक्रमण नियन्त्रण गर्न बंगलादेशी स्वास्थ्य अधिकारीहरूले लामखुट्टेको प्रजनन नियन्त्रण गर्न र लार्भा विरोधी अपरेसनहरू सञ्चालन गर्ने तयारी गरेको जनाइएको छ । डेंगु ज्वरो संक्रमित एडिस लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग हो । यस रोगले टाउको दुख्ने, उच्च ज्वरो आउने, थकान, गम्भीर मांसपेशी र जोर्नी दुख्ने, बान्ता हुने, चक्कर लाग्नेजस्ता लक्षणहरूसहित मानिसहरूलाई शिथिल बनाउने जनाइएको छ। *रासस/सिन्ह्वा*

## हरित उर्जा क्षमता तीन गुणा बढाउने अस्ट्रेलियाको लक्ष्य

**क्यानबेरा–** अस्ट्रेलियाले सन् २०५० सम्म विद्युत् उत्पादन र भण्डारण क्षमता तीन गुणा बढाउनुपर्ने आवश्यकता देखिएको छ । ऊर्जा बजार सञ्चालन निकायले प्रकाशन गरेको प्रारम्भिक योजनाअनुसार हालको कूल विद्युत् क्षमता ९२ एकाइबाट सन् २०३५ सम्म १९० एकाइ र सन् २०५० सम्म २९७ एकाइ पुग्नुपर्ने छ ।

सौर्य ऊर्जा उत्पादन क्षमता हालको २३ एकाइबाट सन् २०५० सम्म १२० एकाइ पुग्ने अनुमान गरिएको छ । त्यसैगरी ब्याट्री, भर्चुअल विद्युत् केन्द्र र पम्प गरिएको जलविद्युत् प्रणालीको भण्डारण क्षमता १२ एकाइबाट ५५ एकाइसम्म विस्तार हुने छ। घरको छतमा जडित सौर्य प्यानलजस्ता वितरण प्रणालीको उत्पादन क्षमता २५ एकाइबाट ८७ एकाइसम्म बढ्ने अपेक्षा गरिएको छ।

रिपोर्टले सन् २०५० सम्म करिब छ हजार किलोमिटर नयाँ प्रसारणलाइन आवश्यक पर्ने पनि जनाएको छ, जुन हालको नेटवर्कको करिब १३ प्रतिशत विस्तार हो। ग्रिड स्तरको उत्पादन, भण्डारण, प्रसारण र वितरणमा २०५० सम्म वार्षिक अनुमानित खर्च १२८ अर्ब रूपैयाँ रहने देखाइएको छ । प्रसारण क्षेत्रमा नौ अर्ब रूपैयाँको लगानीले उपभोक्तालाई २२ अर्ब रूपैयाँ बचत गराउन सक्ने र दुई अर्ब रूपैयाँबराबरको प्रदूषण कटौती सुनिश्चित गर्न सक्ने उल्लेख छ।

अस्ट्रेलियाका कोइलाधारित विद्युत् केन्द्रको क्षमता हालको २१ एकाइबाट सन् २०३५ सम्म ७ एकाइ र २०५० सम्म पूर्णरूपमा समाप्त हुने अनुमान गरिएको छ। *रासस/सिन्ह्वा*

**कम्बोडिया-थाइल्याण्ड सीमा विवाद**

# चार लाख थाई र एक लाखभन्दा बढी कम्बोडियन नागरिक विस्थापित



**बैंकक–** कम्बोडियासँग चलिरहेको सीमा विवादका कारण चार लाखभन्दा बढी थाई बासिन्दाहरूलाई आफ्नो आश्रयस्थल खाली गर्न बाध्य पारेको थाई रक्षा मन्त्रालयका प्रवक्ता सुरासान्ट कोङ्सिरीले बुधबार बताएका छन् ।

थाइल्याण्डको आर्मी एरिया कमाण्डले सामाजिक सञ्जालमार्फत विज्ञप्ति जारी गर्दै बुधबार स्थानीय समयअनुसार बिहान ५:०० बजेदेखि सुरु भएको आक्रमण बुरिराम, सुरिन, सिसाकेट र उबोन रत्चथानी प्रान्तको सिमानाका धेरै क्षेत्रहरूमा भएको र बुधबार यो समाचार तयार पार्दासम्म कुनै हताहत नभएको जनाएको छ ।

विज्ञप्तिमा बिहान ८:४० मा कम्बोडियन पक्षबाट फायर गरिएको बिएम-२१ रकेट सुरिन प्रान्तको एक अस्पताल नजिकै अवतरण भएपछि बिरामी र कर्मचारीहरूलाई सुरक्षित आश्रयमा सारेको जनाइएको छ। थाई मिडियाका अनुसार थाइल्याण्ड र कम्बोडियाबीचको सीमा झडपले थाइल्याण्डको सीमावर्ती प्रान्तहरूमा ८०० भन्दा बढी विद्यालय र ठूलो संख्यामा अस्पतालहरू अस्थायीरूपमा बन्द गर्न बाध्य पारेको छ ।

कम्बोडिया-थाइल्याण्ड सीमा द्वन्द्व आइतबार दिउँसोदेखि पुनः सुरु भएको छ भने दुवै पक्षले एक अर्कालाई आक्रमण सुरु गरेको आरोप लगाउँदै आएका छन् ।

### एक लाखभन्दा बढी कम्बोडियन विस्थापित

थाइल्याण्डसँगको सीमा विवाद बद्दै गएपछि एक लाखभन्दा बढी कम्बोडियनहरू आफ्नो आश्रयस्थल छोडेर सुरक्षित क्षेत्रतर्फ भागेको कम्बोडियाका मन्त्रालयका उपसचिव तथा प्रवक्ता लेफ्टिनेन्ट जनरल माली सोचेटाले बुधबार बताएका छन् ।

महिला, बालबालिका, वृद्ध र अपांगता भएका व्यक्तिहरूसहित विस्थापितको संख्या एक लाख एक हजार १२९ रहेको कम्बोडियाको रक्षा मन्त्रालयका प्रवक्ता सोचेटाले पत्रकार सम्मेलनमा बताएका हुन् । थाई सेनाले आइतबार दिउँसोदेखि बुधबार बिहानसम्म कम्बोडियाको सैन्य चौकी र नागरिक क्षेत्रमा आक्रमण गर्न एफ-१६ लडाकु जेटसहित भारी र विनासकारी हतियार प्रयोग गरेको उनले जनाएका छन् । सोचेटाका अनुसार यस द्वन्द्वमा कम्तीमा सात कम्बोडियन नागरिकको मृत्यु भएको छ भने अन्य २० जना घाइते भएका छन् । *रासस/सिन्ह्वा*


"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास समृद्धि"

**इन्द्रसरोवर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कुलेखानी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**सिलबन्दि दरभाउत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशन मितिः २०८२/०८/२५)

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यालयबाट सार्वजनिक सूचना मार्फत सिलबन्दि दरभाउपत्र आव्हान भए बमोजिम तपसिलको लागि रितपूर्वक पेश हुन आएका दरभाउपत्र मध्येबाट न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही तपसिलमा उल्लेखित दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २, ३ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ.क. समेत) रू. | कै. |
|---|---|---|---|---|---|
| 1. | IRM/SQ/ MEDICINE-Re-01/01/082/083 | Procurement and Supply of Essential Medicinal Items | M/S Setidevi Medicine Suppliers Pvt.Ltd, Lokanthali-10, Bhaktapur | 8,83,177.49 | |

**प्रमुख प्रशासकीय अधिकृत**

**उत्तरगया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लहरेपौवा, रसुवा**
**बागमती प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति : २०८२-०८-२५

प्रस्तुत बिषयमा उत्तरगया गाउँपालिकाको यस चालु आ.व.को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपशिलको कार्यका लागि मिति २०८२/०७/३० गतेमा राष्ट्रिय स्तरको पत्रिकामा विद्युतिय बोलपत्र आव्हानको सूचना प्रकाशन भएकोमा यस कार्यालयमा रितपुर्वक पेश भएका विद्युतिय सिलबन्दी दरभाउ मार्फत तपशिल बमोजिमको सिलबन्दी दरभाउपत्र मूल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को २ बमोजिम र दफा ४७ को प्रयोजनको निम्ति सम्बन्धित सबैको जानकारीको लागि यो आशय सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| सि.नं. | ठेक्का नम्बर | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | URM/SQ/GOODS/ 01/2082-83 | आधारभुत स्वास्थ्य सेवाको लागि अत्यावश्यक औषधि खरिद कार्य | गोशाइकुण्ड मेडिसिन सप्लायर्स प्रा.लि., तारकेश्वर काठमाडौं | ७,६५,६९६.५९ |

**प्रमुख प्रशासकीय अधिकृत**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| २५२१०० | ० | ३७५० |



**काठको मुकुण्डो** | भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका अवस्थित विश्वसम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर जाने बाटोमा काठको मुकुण्डो बनाउँदै स्थानीय व्यापारी । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# कैलालीका तीन पालिकामा विश्व बैंकको खानेपानी आयोजना

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व बैंकको ऋण लगानी तथा प्रदेश र स्थानीय सरकारको लागत साझेदारीमा सञ्चालित खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाको काम कैलालीका तीन पालिकामा चलिरहेको छ । दिगो तथा सुधारिएको खानेपानी आपूर्ति र सरसफाइ सेवा उपलब्ध गराउने एवं सेवा प्रवाहको स्थानीय क्षमतामा अभिवृद्धि गर्ने लक्ष्यका साथ हाल कैलालीको बर्दगोरिया गाउँपालिका, जोशीपुर गाउँपालिका र जानकी गाउँपालिकामा आयोजनाको काम चलिरहेको हो ।

बर्दगोरियाको वडा नम्बर ३ रानीकुण्डामा सबैभन्दा पहिला काम सुरु गरेको आयोजनाले कामको गति निकै बढाएको छ । खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना कार्यालय बौनियाका अनुसार रानीकण्डा खानेपानी आयोजनाको करिब ५० प्रतिशत काम सकिएको छ । आयोजनाले एक लाख ७५ हजार लिटर क्षमताको अण्डरग्राउण्ड ट्याांक र कार्यालय भवन निर्माण गरिसकेको छ भने पाइपलाइन विस्तारको काम जारी छ । वडामा २९ किलोमिटर पाइपलाइन विस्तार गर्नुपर्नेमा १७ किलोमिटर विस्तार भइसकेको छ भने आगामी फागुनभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यस आयोजनाबाट वडाका एक हजार ५५२ घरधुरीले शुद्ध खानेपानी पाउने छन् ।

यस्तै बर्दगोरियाकै वडा नम्बर ४ को गैरीगाउँ खानेपानी आयोजना निर्माणको सम्झौता भएको छ भने वडा नम्बर २ को लक्ष्मी खानेपानी आयोजनाको ठेक्का खोलिएको छ । वडा नम्बर ६ मटगौरा खानेपानी आयोजना निर्माणका लागि सम्झौता प्रक्रिया चलिरहेको छ । वडा नम्बर ५ को टाकुराद्वारा खानेपानी आयोजनाको ठेक्का खुल्न बाँकी छ । यस्तै वडा नम्बर १ को सडकपुर बौनिया खानेपानी आयोजनामा भने यस परियोजनाले काम नगर्ने लगभग पक्का जस्तै भएको छ ।

सो खानेपानी आयोजनामा मुद्दा परी अदालतमा विचाराधीन अवस्था रहेकाले काम गर्न नसकिने खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना कार्यालय बौनियाका प्रमुख लक्ष्मीराज जोशीले बताए । सो खानेपानीको काम यसअघि नै अन्य स्रोतबाट सुरु भएको र हाल मुद्दा परेको तथा उक्त आयोजना हस्तान्तरणसमेत नभएकाले तत्काल काम गर्न नसकिने उनको भनाइ छ ।

यता जोशीपुर गाउँपालिका पनि कतिपय निर्माणाधीन, कतिपय सम्झौता प्रक्रिया र कतिपय ठेक्का खुल्नै बाँकी छन् । वडा नम्बर १ मा रहेको जोशीपुर खानेपानी आयोजना निर्माणाधीन अवस्थामा छ । वडा नम्बर ४ को पटाउपुर खानेपानी आयोजनाको सम्झौता भई काम सुरु हुने चरणमा छ भने वडा नम्बर ७ को लोखरी-सिमरी खानेपानीको सम्झौता प्रक्रिया चलिरहेको छ ।

यस्तै वडा नम्बर ७ को घैला बौनिया खानेपानी आयोजना, वडा नम्बर ३ मा रहेको रामनगर खानेपानी आयोजना, वडा नम्बर ५ मा रहेको सिमराना खानेपानी आयोजना, वडा नम्बर २ मा रहेको नवदुर्गा खानेपानी आयोजना र वडा नम्बर ३ मा रहेको लकडमण्डी खानेपानी आयोजनाको भने ठेक्का खुल्न बाँकी छ ।

उता १० वटा आयोजना रहेको जानकी गाउँपालिकामा पनि कामको अवस्था उस्तै छ । पालिकाको वडा नम्बर १ मा रहेको दुर्गौली खानेपानी आयोजनाको दुई लाख ३० हजार लिटर क्षमताको अण्डरग्राउण्ड ट्यांक निर्माण र १५ किलोमिटर पाइपलाइन विस्तार गरिएको छ । वडा नम्बर २ को जानकी नगर खानेपानी आयोजना र वडा नम्बर ४ को मुनुवा खानेपानी आयोजनाको सम्झौता गरिएको छ भने सातवटा आयोजनाको ठेक्का खोल्न बाँकी छ ।

बाँकी आयोजनाहरूमा अरुणद्बोय खानेपानी आयोजना, पथरैया खानेपानी आयोजना, मोतिनगर खानेपानी आयोजना, जगतपुर खानेपानी आयोजना, धर्मापुर खानेपानी आयोजना, अमौरी अमौरा खानेपानी आयोजना र सुवर्णपुर खानेपानी आयोजना रहेका छन् । सो आयोजनाअन्तर्गत बर्दगोरिया, जानकी र जोशीपुरका सार्वजनिक स्थलहरूमा स्मार्ट शौचालय निर्माण सम्पन्न गरिएका छन् ।

बाँकी रहेका सबै कामहरूको डिसेम्बर महिनाभित्र ठेक्का खोलिने आयोजना कार्यालय प्रमुख जोशीले जानकारी दिएका छन् । यो आयोजनामार्फत बर्दगोरिया गाउँपालिकामा ४५ करोड ५० लाख, जोशीपुर गाउँपालिकामा ६५ करोड र जानकी गाउँपालिकामा ९१ करोडका खानेपानी आयोजना बन्ने छन् ।

# परिसंघ र सामाजिक सुरक्षा कोषबीच समझदारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग परिसंघले आफ्ना सदस्य उद्योगलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउन सहजीकरण गर्ने भएको छ । उद्योगमा कार्यरत श्रमिकको सामाजिक सुरक्षालाई सुनिश्चित गर्ने उद्देश्यका साथ परिसंघ र सामाजिक सुरक्षा कोषबीच सोसम्बन्धी समझदारी भएको छ ।

समझदारीअनुसार परिसंघले उद्योग क्षेत्रमा सामाजिक सुरक्षाबारे जागरण बढाउने र श्रमिकलाई योजनामा आबद्ध गराउन प्रोत्साहन गर्ने भएको छ । परिसंघका महानिर्देशक डा. घनश्याम ओझा तथा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले समझदारीपत्रमा हस्ताक्षर गरेका छन् ।



कोषमा हालसम्म २२ हजार ४५३ रोजगारदाता सूचीकृत भएका छन् । मंगलबारसम्म सामाजिक सुरक्षा योजनामा औपचारिक क्षेत्रका छ लाख ५४ हजार ५४४, वैदेशिक क्षेत्रका २० लाख १७ हजार २८८, अनौपचारिक ८०३, स्वरोजगार क्षेत्रका ६२४ गरी कूल २६ लाख ७३ हजार २५९ श्रमिक समेटिएका छन् । परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले उद्योगीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै सो साझेदारीले सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यावहारिक र पहुँचयोग्य बनाउन मद्दत गर्ने विश्वास व्यक्त गरे ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले सामाजिक सुरक्षा कोष श्रमिकको जीवन सहज र सुरक्षित बनाउने एक महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै यस समझदारीले सबै क्षेत्रका श्रमिक र रोजगारदाताको सक्रिय सहभागिता अभिवृद्धि गर्न तथा दर्ता प्रणालीमा समाहित हुन सहयोग गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताए । कोषका कार्यकारी निर्देशक अधिकारीले सामाजिक सुरक्षा प्रणालीलाई अझ सुदृढ बनाउँदै लैजान र श्रमिकका सुविधालाई विस्तार गर्दै लैजान यो सहकार्य महत्त्वपूर्ण रहेको बताए ।

# सामान्य अंकले घट्यो नेप्से




**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक ५.०३ प्रतिशतले घटेर दुई हजार ६०९.०३ को बिन्दुमा कायम भएको हो । बुधबार ३२९ कम्पनीको ८६ लाख ४७ हजार ९४८ कित्ता सेयर ९१ हजार ३९४ पटक खरिदबिक्री हुँदा तीन अर्ब ७३ करोड ८७ लाख ७२ हजार रूपैयाँबराबरको कारोबार भएको नेप्सेले जनाएको छ । बुधबारको कारोबारमा म्युचुअल फण्डबाहेक सबै समूहको उपसूचक घटेको छ ।

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको सेयर मूल्यमा बुधबार सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी झापा इनर्जी लिमिटेडको सेयर मूल्य ९.३० प्रतिशतले घटेको छ ।

अर्थ मन्त्रालयको प्रस्टीकरण

# ढुवानी कर उठाउनु कानुनविपरीत

**काठमाडौं (प्रस)–** अर्थ मन्त्रालयले ढुवानीका लागि बाटो प्रयोग भएको आधारमा कर उठाउनु कानुनविपरीत भएको स्पष्ट पारेको छ । संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदेश र स्थानीय तहलाई प्रदेश-प्रदेश वा स्थानीय तह-स्थानीय तहबीच स्थानीयरूपमा उत्पादित वस्तुको ढुवानीमा कर लगाउने अधिकार नरहेको अर्थ मन्त्रालयले जनाएको हो ।

केही स्थानीय तहले आफ्नो मार्ग हुँदै जाने मालसामानमा कर तथा शुल्क लगाउँदै आएका छन् । यस्तो कर असुलीले कृषक र व्यापारीमा नकारात्मक प्रभाव परेको मन्त्रालयले स्पष्ट पारेको छ ।

स्थानीय तहले अर्को जिल्ला वा स्थानीय तहबाट चलानी भएको सामानमा केवल बाटो प्रयोग भएको कारणले कर लिन नपाइने स्पष्ट गरिएको छ । यस विषयमा यही मंसिर २३ गते अर्थ मन्त्रालयले निर्णय गरेर सबै प्रदेश सरकार र स्थानीय तहलाई जानकारी गराउन अनुरोध गरेको छ । मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेले सो निर्णयअनुसार पत्राचार भइसकेको जानकारी दिए ।

# नागढुंगा-मलेखु खण्ड आंशिक बन्द गरेर विस्तार गरिँदै

**मलेखु (धादिङ)–** नागढुंगा-मलेखु सडकखण्ड एक साताका लागि आंशिक बन्द गरेर सडक विस्तारको कामलाई तीव्रता दिइएको छ । सडक कालोपत्र गरी स्तरोन्नति गर्ने कामलाई गति दिन नागढुंगा-मुग्लिन सडक आयोजनाले बुधबारदेखि आगामी पुस १ गतेसम्म दैनिक पाँच घण्टा गाडी बन्द गरेर काम तीव्र पारेको हो ।

सडक आयोजनाले निकालेको सूचनाअनुसार नागढुंगादेखि पिप्लामोडसम्म र पोखरेभिर क्षेत्रमा बिहान १०:३० देखि अपराह्न ३:३० बजेसम्म सडक आवागमन बन्द गरेको छ । यो समयमा वैकल्पिक सडक प्रयोग गरिदिन र यात्रा समयलाई यो समयभन्दा अगाडि वा पछाडि व्यवस्थापन गर्न आग्रह गरिएको नागढुंगा मुग्लिङ सडक आयोजनाका इञ्जिनियर केशव ओझाले जानकारी दिए ।

एकै पटकमा धेरै गह्रौं उपकरण तथा ढुवानीका साधन परिचालन गर्नुपर्ने र त्यसबेला दुर्घटनाको जोखिम बढ्ने भएकाले आंशिकरूपमा सडक बन्द गरेर काम गर्न लागिएको उनले जानकारी दिए । धादिङको गल्छी-गजुरी खण्ड पनि साँघुरो र जोखिमपूर्ण रहेकाले पोखरेभिर क्षेत्रमा सडक चौडा गर्नुपर्ने आयोजनाले जनाएको छ ।

त्रिभुवन राजपथको नागढुंगा-नौबिसे सडकखण्ड कालोपत्र गरी स्तरोन्नति सम्पन्न हुने चरणमा छ । काठमाडौं जिल्लाभित्र पर्ने नागढुंगा पिप्लामोड खण्ड कालोपत्र उच्च प्राथमिकतामा राखिएको छ । नागढुंगा-पिपलामोड खण्डका लागि काठमाडौंतर्फबाट आउने सवारीसाधनलाई नागढुंगा चेकपोस्टमा र गल्छीबाट काठमाडौंतर्फ जाने सवारीसाधनलाई खानीखोला तथा जुँगेखोलामा रोकिएको छ । *रासस*

# दोहोरो करमुक्ति सम्झौता खारेज भएकाबारे मौरिससलाई औपचारिक जानकारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सरकारले मौरिसससँग सन् १९९९ अगस्ट ३ मा सम्पन्न भएको द्विपक्षीय दोहोरो कर मुक्ति सम्झौता खारेज गर्ने निर्णयको औपचारिक जानकारी कूटनीतिक माध्यमबाट पठाएको छ ।

आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहालले नेपालका तर्फबाट तोकिएका सक्षम अधिकारीको हैसियतमा सम्झौताको धारा २९, उपधारा १ बमोजिम खारेजीको सूचना औपचारिक पत्रमार्फत मौरिसस सरकारलाई प्रेषण गरेका हुन् । विभागद्वारा बुधबार जारी प्रेस विज्ञप्तिअनुसार यो कदम हालको घरेलु कर कानुन तथा विश्वव्यापी कर शासन व्यवस्थामा आएका महत्त्वपूर्ण परिवर्तनहरूसँग नेपाललाई मिलाएर लैजान आवश्यक भएकाले चालिएको रणनीतिक निर्णय हो ।

नेपालले आयकर ऐन, २०५८ ले कर प्रणालीमा व्यापक सुधार गरेको र ऐनमा कर दुरूपयोग नियन्त्रणसम्बन्धी आधुनिक प्रावधानहरू समावेश हुँदा विद्यमान दोहोरो करमुक्ति सम्झौताका केही धारासँग मेल नखाने अवस्था उत्पन्न भएको विभागले जनाएको छ ।

विशेषगरी, ऐनको दफा ७३(५) मा समावेश सीमित लाभको प्रावधानले सन्धि कार्यान्वयनमा प्रत्यक्ष प्रभाव पार्ने उल्लेख गरिएको छ । नेपालले पुरानो सन्धि खारेज गरेर समकालीन आवश्यकताअनुरूप नयाँ कर सम्झौताका लागि मार्गप्रशस्त गर्न खोजेको सरकारको भनाइ छ । नेपालले मौरिससँग आर्थिक तथा कर सहयोगका क्षेत्रमा सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ । सरकारका अनुसार दुवै पक्षबीच नयाँ तथा आधुनिक दोहोरो करमुक्ति सम्झौता र द्विपक्षीय लगानी संरक्षण सम्झौतामा वार्ता गर्ने सम्भावना खुला छ ।

आगामी कुनै पनि सम्झौता पारस्परिक हित, पारदर्शिता र वर्तमान विश्वव्यापी आर्थिक परिवेशसँग मेल खाने आधारमा गर्नुपर्नेमा सरकार दृढ रहेको विज्ञप्तिमा उल्लेख छ । दोहोरो करमुक्ति सम्झौता खारेजीको प्रभाव नेपालका लागि आर्थिक वर्ष २०८३/८४ को साउन १ गतेदेखि लागू हुने छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ